# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क ७ पूर्णाङ्क २४५ | २०७८ साउन १८ गते सोमबार | Monday, 2 Aug., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## देजमो नेपालका अध्यक्ष सीपी गजुरेलद्वारा भारतीय सीमा सुरक्षा बल (एसएसबी)का सुरक्षाबलको आपराधिक कार्यको विरोधमा विज्ञप्ति प्रकाशित



काठमाडौं । यही श्रावण १५ गते व्यास गाउँपालिका-२ राङ्थाङ बस्तीका ३५ वर्षीय जयसिंह धामी वैदेशिक रोजगारीको खोजीमा काठमाडौं पुग्ने उनको योजना थियो । दुर्भाग्य, राजधानी पुऱ्याउने बस समात्न आफ्नै जिल्ला सदरमुकाम पुग्न पनि उनलाई महाकाली पारि भारतीय बाटो नहिँडी सुख थिएन । तर, दुःखको घटना दार्चुलाको *बाँकी ७ पेजमा*

# ‘दार्चुला घटना अमानवीय, आततयी र बर्बरताप्रर्ण’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसहित संयुक्त मोर्चा सम्बद्ध चार कम्युनिस्ट पार्टीले संयुक्त रूपमा विज्ञप्ति जारी गरी दार्चुला घटनालाई अमानवीय, आततायी र बर्बरतापूर्ण भएको बताएका छन् । शुक्रबार दार्चुला जिल्ला व्यास गाउँपालिका वडा न. २ का ३५ वर्षीय नेपाली नागरिक जयसिँह धामी भारतको उत्तराखण्ड राज्यको पांगन जाने क्रममा मालाघाटमा महाकाली नदीमा तुईन तर्दा भारतीय सिमा सुरक्षा बल (एसएसबी)ले पांगन तिरको तुईन खोलिदिंदा जयसिँह धामी नदीमा खसेर बेपत्ता भएका छन् । उनको खोजी कार्य जारी भएपनि हालसम्म शव फेला परेको छैन । भारतीय सीमा सुरक्षा बलको यस्तो अमानवीय, आततयी र बर्बरतापुर्ण घटनाको चार कम्युनिष्ट पार्टीले कडा निन्दा र भ्रर्त्सना गरेका छन् ।



शासक वर्गको नांगो षड्यन्त्र र हस्तक्षेप

वक्तव्यमा भनिएको छ, “यो घटना नेपाली राष्ट्रिय स्वाधीनतामाथिको भारतीय हो । यो घटनाबाट बेपत्ता जयसिंह धामीको अवस्था सार्वजनिक गर्न, पीडित परिवारलाई न्याय र राहतको व्यवस्था गर्न, दोषीलाई शिघ्रातिशिघ्र कारबाही गर्न विश्वासिलो छानिबिन अगाडि बढाउन नेपाल सरकारसँग हामी चार पार्टी जोडदार माग गर्दछौं ।”

मालाट तुईन घटना नेपालको राष्ट्रिय स्वाधीनता र नेपाली जनताको स्वनिर्णयको अधिकारको विरुद्ध हेपाहा र षड्यन्त्रमूलक घटना भएको ठहर गर्दै वक्तव्यमा राष्ट्रिय मुक्ति र जनमुक्तिका पक्षधर आम नेपाली जनतालाई यसको डटेर प्रतिरोध गर्न विशेष आव्हान गरिएको छ ।

वक्तव्यमा यथाशक्य घटनाको वास्तविकता नेपाली जनताको बीचमा सार्वजनिक गरी दोषीमाथि कारबाही गर्न ढिला गरिए जनसंघर्षमा जाने समेत चार पार्टीले चेतावनी दिएका छन् ।

त्यसैगरी क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रि मोर्चा, नेपाल सहितका २२ दलीय गठबन्धनले पनि दार्चुला घटनाका दोषीलाई कारबाहीको दायरामा नल्याए सडक संघर्ष गर्ने चेतावनी दिएको छ । गठबन्धनले आइतबार जारी गरेको संयुक्त वक्तव्यमा घटनाबारे अविलम्ब कूटनीतिक पहल गरी यो घटनामा संलग्न दोषीलाई कारवाहीको दायरामा ल्याउने काम गर्न शेरबहादुर देउवा नेतृत्वको सरकारसँग माग गरिएको छ । अन्यथा सडक सङ्घर्षमा उत्रनुबाहेक अर्को विकल्प नरहने विज्ञप्तिमा चेतावनी दिएको छ ।

साउन १५ गते व्यास गाउँपालिका-२, मालघाटमा स्थानीय ३३ वर्षीय जयसिंह धामी भारतको बाटो हुँदै जिल्ला सदरमुकाम खलङ्गा जाने क्रममा तुइनबाट महाकाली नदी तर्दै गर्दा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले तुइनको डोरी काटिदिएपछि महाकाली नदीमा डुबेर बेपत्ता भएका थिए ।

यो तथ्यलाई प्रत्यक्षदर्शीहरूको भनाइले पुष्टि गरेको तर, भारतको पिथौरागढ जिल्ला अधिकारीले दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई पत्र पठाएर यो घटनामा एसएसबीको संलग्नतालाई इन्कार गरेपछि घटना झन् पेचिलो र *बाँकी ६ पेजमा*

**दार्चुला घटनाका दोषीलाई कारबाहीको दायरामा नल्याए सडक संघर्ष गर्ने २२ राजनीतिक संगठनको चेतावनी** | *विस्तृत समाचार ६ पेजमा*

## मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) संसदबाट पास नहुँदै पाँच अर्ब बढी खर्च

***जवर्जस्ती कार्यान्वयनमा अघि बढ्दै एमसीसी कार्यक्रम***




काठमाडौं । विवादित अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) नेपालमा अनुमोदन हुने नहुने ठेगान छैन, तर एमसीसी अन्तर्गतका कार्यक्रम जवर्जस्त रूपमा अघि बढिरहेका छन् । नयाँ सरकार बने पनि एमसीसी पारित हुने/नहुने अझै अनिश्चित छ । तर, संसदबाट अनुमोदन नहुँदै ५ अर्ब ३४ करोड रूपैयाँ खर्च भइसकेको पाइएको छ । *बाँकी ७ पेजमा*

## मप विश्वविद्यालयमा संयुक्त विद्यार्थीद्वारा थप आन्दोलनको घोषणा

सुर्खेत । मध्यपश्चिम विश्वविद्यालय (एमयु) मा आन्दोलनरत संयुक्त विद्यार्थी संगठनहरूले थप आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।

विभिन्न १८ बुँदे माग राख्दै दुई सातादेखि आन्दोलनमा रहेका विद्यार्थीहरूले आफूहरूका माग सम्बोधन नगरेको भन्दै चरणबद्ध आन्दोलनका कार्यक्रम *बाँकी ७ पेजमा*

## नेकपा(क्रान्तिकारी माओवादी) चितवन जिल्ला पार्टीको नेतृत्वमा भूमाफियाहरुको जग्गा कब्जा घोषणा कार्यक्रम सफलतापूर्वक सम्पन्न



चितवन ।नेकपा (क्रान्तिकारी माओवादी) चितवन जिल्ला पार्टीको नेतृत्वमा चितवन जिल्ला अन्तरगत विभिन्न ठाउँहरूमा किसानको जग्गालाई कौडीको मूल्यमा किनेर ती जग्गालाई ल्पटिंग गर्दै निकै महंगो दरमा बेच्ने उद्येश्यले नेपालका भूमाफियाहरू लामो समयदेखि चितवनमा सलबलाएका छन् र त्यसका लागि सयौ विघा जग्गा बाँझो बनाएर उत्पादनहीन तुल्याइरहेको अवस्थामा नेकपा(क्रान्तिकारी माओवादी) चितवन जिल्ला पार्टीको नेतृत्वमा त्यस्ता जग्गाहरू कब्जागरी तिनलाई उत्पादनशील कार्यमा र गरीव तथा भूमिहीन किसान र सस्तो मूल्यमा ती भूमाफियाहरूलाई आफ्नो जग्गा बेच्न बाध्य पारिएका जनताको हीतमा कामगर्ने उद्घघोष्का साथ आज नेकपा(क्रान्तिकारी माओवादी) चितवन जिल्ला पार्टीको नेतृत्वमा जग्गा कब्जा घोषणा कार्यक्रम चितवनको माडीमा सफलतापूर्वक सम्पन्न गरिएको छ ।

जग्गा कब्जा घोषणा कार्यक्रमको व्यानरसहीत जिल्ला पार्टीका नेता तथा कार्यर्ताको बाक्लो उपस्थितिमा निम्न नाराहरू अंकित व्यानर टागिएको छ । जसमा सम्पूर्ण भूमि राष्ट्रियकरण गर । जमिनमाथिको खण्डीकरण बन्दा गर । भूमाफियाहरूलाई कारवाही गर । आदि नाराहरू लेखिएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति चितवनको आयोजनामा गरिएको उक्त कार्यक्रमलाई जिल्ला समिति चितवनका सेक्रेटरी अशोक शर्माले सम्वोधन गर्दै वर्तमान दलाल प्रतिक्रियावादी सरकारले भूमाफियाहरूसँग मिलेर जनताका जग्गालाई सस्तो मूल्यमा बेच्न बाध्यपारी ती ज्गगामा लपटिंग गर्दै चितवनको उव्जाउ खेती योग्य समिनलाई मरुभगर्ने कार्यलाई ततकाल बन्द गर्न र जमिनको खण्डीकरण होइन राष्ट्रियकरण गनृका लागि आवहान गर्दै जग्गा विकासको नाममा व्यापार र तष्करको फाइदामा काम नगर्न आव्हान गर्नु भयो । चितवनमा हजारौ भूमिहीन *बाँकी ३ पेजमा*

## चार किसान संगठनद्वारा राष्ट्रघाती एमसीसी सम्झौता, उखु किसान, तथा भारतीय एसएसबीको अपराधिक कार्यको विरुद्ध संयुक्त बक्तब्य प्रकाशित

काठमाडौं । चार किसान संगठन अखिल नेपाल किसान महासंघ (अप्फा), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघले संयुक्त बक्तब्यमार्फत राष्ट्रघाती एमसीसी सम्झौता, उखु किसानको लामो समयदेखिको बक्यौता मूल्य तथा भारतीय एसएसबीले तुइन काटेर बेपत्ता बनाइएका दार्चुलाका नेपाली यूवाको सम्वन्धमा आफ्नो धारणा प्रकासित गरेका छन्, जसको पूर्ण पाठ तल दिइएकोछ :

***चार किसान संगठनको संयुक्त बक्तब्य***

हामी चार किसान संगठन अखिल नेपाल किसान महासंघ (अप्फा), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघको यतिबेला संसदबाट पारित गर्न प्रस्तुत गर्न लागिएको अत्यन्तै राष्ट्रघाती एमसीसी सम्झौता, उखु किसानको लामो समयदेखिको बक्यौता मूल्य तथा भारतीय एसएसबीले तुइन काटेर बेपत्ता बनाइएका दार्चुलाका नेपाली यूवाको सम्वन्धमा गम्भीर ध्यानाकर्षण भएको छ ।

१ हामी नेपाल र नेपाली जनताको हक हित र सार्बभौम तथा स्वाधीन अधिकार बिरूध्द लक्षित अपमानजनक र आपत्तिजनक एमसीसी सम्झौता तुरून्त खारेज गिरयोस् र कथित बिकासको नाममा नेपाल र नेपालीमाथि कुनै सौदाबाजी र खेलबाड नगरियोस् भन्ने जोडदार माग गर्दै नेपाललाइ बाह्य शक्तिको अखडा बनाउने तथा नेपालको असंलग्न परराष्ट्र नीति बिरूध्द जाने यो एमसीसी सम्झौता रद्द गरियोस् भन्ने पुनः जोडदार माग गर्दछौं । नेपाली उत्पादनका श्रोत साधन जमिन, जल, जंगल, जडिबुटी सबै कृषि उत्पादनका साधान किसान बर्गको सामुहीक हातमा दिइयोस् र नेपाली किसान र नेपालको रक्षा गरियोस् भन्ने जोडदार माग गर्दछौं ।

२ उखु किसानसँग पटक पटक सम्झौता गरेर पनि बर्षौंदेखि उखुको करोडौ बक्यौता रकम किसानलाइ नदिने, झुलाउने र अलपत्र पार्ने जुन जालझेल राज्यले गर्दै आएको छ त्यसको जोडदार बिरोध गर्दै सर्लाही, *बाँकी ७ पेजमा*

## प्रतिगमनको विफलता पछिको राजनीतिक स्थिति

***शिक्षा र स्वास्थको क्षेत्रमा सुधारका लागि संघर्षरत व्यक्तित्वहरू, उनकै गठबन्धन भित्रका पार्टी र अन्य पार्टीहरूले पनि यसको विरोध गरेका छन । यसलाई देउवाको प्रधानमन्त्रीत्वको पाँचौं पटककोलागि ‘पहिलो गाँसमै ढुगा’को रूपमा लिइएको छ । देउवाले यसमा आफ्नो गल्ती भएको त स्वीकारेका छन् । तर, यो वहश अहिले पनि साम्य भएको छैन***



● क.गौरब ●

***राजनीतिक समस्या र प्रतिगमनको प्रश्न***

नेपालको संविधान जारी गर्ने केहि राजनीतिक पार्टीहरूले यो संविधान र यसले परिभाषित गरेको राज्य व्यवस्थाका विषयमा गरेको वखान कति अतिशयोक्तिपूर्ण रहेछ भन्ने कुरा अब धेरैलाई जानकारी हुन थालेको छ । हजारौं पटक उनीहरूले दोहोऱ्याउने गरेको ‘नेपालका सबै राजनीतिक समस्या समाधान भै सकेको हुनाले अब आइन्दा त्यसका निमित्त कुनै संघर्षको आवश्यकता छैन’ भन्ने उपदेशको अब पर्दाफास भएको छ । यही संविधान र यही व्यवस्था अन्तर्गत प्रधान मन्त्री बनेका केपीशर्मा ओलीले मूलतःयही संविधान र यही राज्य व्यवस्थालाई साक्षी राखेर जुन प्रतिगमनको बाटो समाते आखिरमा त्यसको विरोधमा तिनै पार्टीका नेताहरू समेत उत्रिनु पर्ने अवस्था पैदा भयो । उनीहरू पनि प्रतिगमनका विरुद्ध उत्रनै पर्ने अवस्था *बाँकी ३ पेजमा*

## दार्चुला जिल्लाको तुईन घटनावारे चार कम्युनिष्ट पार्टीको संयुक्त प्रेस विज्ञप्ति

काठमाडौं । हिजो दार्चुला जिल्ला व्यास गाउँपालिका वडा न. २ का ३५ वर्षिय नेपाली नागरिक जयसिँह धामी भारतको उत्तराखण्ड राज्यको पांगन जाने क्रममा मालाघाटमा महाकाली नदीमा तुईन तर्दा भारतीय सिमा सुरक्षा बल (क्क्द्य)ले पांगन तिरको तुईन फुत्काउँदा जयसिँह धामी नदीमा खरेर हाल सम्म वेपत्ता हुनु भएका छन् । यस्तो अमानवीय, आततयी र वर्वरतापुर्ण घटनाको चार कम्युनिष्ट पार्टी कडा निन्दा र भ्रर्त्सना गर्दै प्रेस वक्तव्य प्रकाशित गरेका छन् । प्रेस वक्तव्यको पूर्णपाठ पृष्ठ ८ मा दिइएको छ ।

## सम्पादकीय

# विस्तारवाद/साम्राज्यवाद विरोधी संघर्षमा एकताबद्ध होऊ !

नेपाली कम्युनिस्ट आन्दोलनको प्रमुख कार्यभारको रुपमा रहेको विस्तारवाद तथा साम्राज्यवादविरोधी संघर्षको सिंगो कार्यभार बाँकी छ । भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको ज्यादति र हस्तक्षेप 'अमानवीय आपराधिक' रुपमा बढेर गएको छ । १५ साउनको दार्चुला प्रकरण नेपाल र नेपालीमाथिको भारतीय ज्यादति र हस्तक्षेप मानवता विरुद्धको अपराधको रुपमा प्रकट हुन पुगेको छ । बर्षौंदेखि नेपाल र नेपालीको लागि 'सारा दुःखको मूल कारण'को रुपमा रहेको भारतीय विस्तारवादका विरुद्ध अब निर्णायक लडाइँ लड्नुपर्ने बेला आएको छ । साथसाथै, अमेरिकी साम्राज्यवादको गिद्धे नजर पनि नेपालमाथि परेको छ । एमसीसी सम्झौताको माध्यमबाट अमेरिका नेपालमाथि प्रत्यक्ष हस्तक्षेपको रुपमा अगाडि बढिरहेको छ । आफ्नो साम्राज्यवादी अभिष्ट पुरा गर्नका निम्ति नेपाली भूमि प्रयोग गर्ने र चीनका विरुद्ध मोर्चा कस्न अमेरिका कुनै पनि हालतमा नेपालको संसदबाट एमसीसी सम्झौता अनुमोदन गराउन लागिपरेको छ । अमेरिकी विदेशमन्त्रीको फोन र अमेरिकी राजदूतको दौडधूपले अमेरिकी हस्तक्षेपको स्थितिलाई दर्शाउँछ ।

नेपाललाई स्वाधीन र आत्मनिर्भर बनाउन भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध निर्णायक लडाइँ नलडी सुखै छैन । राष्ट्रिय प्रतिरोध युद्ध वा आन्दोलन अबको नेपाली कम्युनिस्ट आन्दोलनको रोडम्याप बन्न पुगेको छ । नेपाललाई स्वाधीन र आत्मनिर्भर हुन नदिने प्रमुख भूमिका भारतीय विस्तारवादले खेलिरहेको छ । उसले नेपालभित्र माइक्रो मेनेजमेन्ट समेत गरिरहेको छ । नेपाली अनुहारका विस्तारवादी र साम्राज्यवादी दलालहरु पनि देश र जनताका दुश्मनको भूमिकामा रहेका छन् ।

सामन्तवाद र साम्राज्यवादविरोधी संघर्ष नेपाली कम्युनिस्ट आन्दोलनको स्थापना कालदेखिको कार्यभार हो । आफूलाई कम्युनिस्ट भन्नेहरु सबैले यो संघर्ष अनिवार्य रुपमा लड्नु पर्दछ । तर विडम्बना नेपालका संसदवादी कम्युनिस्टहरु भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादकै दलाल छन् । र, विस्तारवादी र साम्राज्यवादी स्वार्थकै मतियार बन्न पुगेका छन् । तर सच्चा कम्युनिस्ट क्रान्तिकारीहरुको भने यो साझा कार्यभार हो । यो कार्यभार पुरा गर्नका निम्ति एकताबद्ध भएर लड्न जरुरी छ । रणनीतिक संयुक्त मोर्चामा रहेका चार कम्युनिस्ट पार्टी र कार्यगत एकतामा रहेका २२ वटा राजनीतिक संगठनले सडक संघर्ष, जनसंघर्ष वा प्रतिरोध संघर्षका लागि सार्वजनिक आव्हान समेत गरेका छन् ।

सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरुको यतिबेलाको कार्यभार भनेकै नेपाललाई स्वाधीन र आत्मनिर्भर बनाउने हो । एमसीसी सम्झौता खारेज गराउने, चुच्चे नक्सामा भएको जमिन भारतीय कब्जाबाट फिर्ता ल्याउने, अतिक्रमित सीमा क्षेत्रका अन्य भूभाग फिर्ता गराउने, भारतसँग गरिएका सबै असमान सन्धि सम्झौता खारेज गराउने, खुल्ला सीमाना बन्द गर्ने र परस्पर हितमा आधारित रहेर भारतसँग नयाँ सन्धि गर्ने परिस्थिति सिर्जना गराउनु नै यो लडाइँको कार्यभार हो । त्यसका निम्ति राष्ट्रिय स्वाधीनताका आम जनताको साथ सहयोगमा प्रतिरोध आन्दोलनलाई अगाडि बढाउन कम्युनिस्टहरु एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ । नेपाल र नेपाली जनतामाथि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको अमानवीय, आततयी र वर्वरतापुर्ण अत्याचारको श्रृङ्खला सदाका लागि अन्त्य गर्नका लागि आज यो लडाइँ स्वाभिमानी नेपालीहरुको साझा दायित्व र जिम्मेवारी बन्न पुगेको छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्नै गरौँ ।

www.moolbato.com

# क्रान्तिकारीहरु फलाम गाल्ने आगोको मुस्लो बन्न सक्नुपर्छ



● पुष्प गोपाल श्रेष्ठ ●

नेपालमा कम्युनिस्ट आन्दोलन सफल हुन नसक्नु र क्रान्ति फस्टाउन नसकिरहुनुको मूल जड हो सर्वहारावर्गका महान नेता माओत्सतुङगले भन्नु भए जस्तो - क्रान्ति हुन र गर्न क्रान्तिको तिन जादुगरि हतियार हुनु जरुरी छ, क्रान्तिकारी पार्टी, क्रान्तिकारी पार्टीको नेतृत्वमा क्रान्तिकारी जनसेना र क्रान्तिकारी संयुक्त मोर्चा । यी तिन मध्ये कुनै एकको अभावमा क्रान्ति सफल हुन सक्दैन । यस्तो स्थिति (क्रान्तिको तिन जादुगरि हतियार) निर्माण गर्न सच्चा कम्युनिष्ट पार्टी निर्माण हुनु जरुरी छ । नाम मात्रको क्रान्तिकारी कम्युनिष्ट पार्टी होइन । सच्चा कम्युनिष्ट पार्टी निर्माण गर्न र हुन भित्रैदेखि मालेमावादमा समर्पित सच्चा मालेमावादी कम्युनिस्टहरूको लगनशीलताले मात्र क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न सक्छ र हुन्छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीलाई सदावहार क्रान्तिकारी बनाई, क्रान्ति हाँक्न सक्षम बनाई राख्न 'नेता होइन, नीति प्रधान' को सोचलाई क्रान्तिकारी सचेतता अपनाई पार्टीभित्र घुसपैठ हुन सक्ने र हुने क्रान्ति विरोधि गलत सोच, गलत प्रवृत्ति, गलत चिन्तन, दक्षिणपन्थी अवसरवाद, दक्षिणपन्थी नवसंशोधनवाद तथा सबैखाले प्रतिक्रियावादीहरू विरुद्ध पार्टीलाई सुदृढ बनाई राख्न जरुरी छ । जसको निम्ति क्रान्तिकारी पार्टीका सबै जिम्मेवार नेता तथा कार्यकर्ताहरू, आवश्यकता अनुरूप संचालन हुनु र गर्नुको सँगै जनसमूदाय माझ घनिष्ट सम्बन्ध कायम गरि पार्टी सुदृढिकरण अभियानमा सदा सकृय भई, फलामलाई गाल्ने आगोको मुस्लो बनि निर्भीक्तासाथ अग्रसरभई अग्रपङ्तिमा उभिन सक्नुपर्दछ । सरकारको काम कहिले जाला घाम भने जस्तो गलत मनोवृति त्यागि मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणमा अडिग भई क्रान्तिको ज्वालामा निर्भिक्तासाथ दऱ्होगरी उभिन सक्नुपर्दछ ।

पार्टी सुदृढिकरणका अनेकन विधी मध्ये अत्यन्तै महत्वपूर्ण विधी आलोचना र आत्माआलोचना हो भन्ने कुरो सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले बुझ्नु जरुरी छ । आफुबाट भए गरेको कमि कम्जोरी वा गलत क्रियाकलापलाई लिएर कसैले गरेको सोच्छ आलोचनाबाट तिरमिरेर क्रान्ति विरोधी गैर कम्युनिस्ट आचरण अपनाउनु सच्चा क्रान्तिकारी कम्युनिस्टको आचरण भित्र पर्दैन र होइन । फेरि त्यस्तो क्रान्ति विरोधि गैर कम्युनिस्ट क्रियाकलाप सामु मौन धारण गरी बस्नु एक प्रकारको मतियार बन्नु हो । मतियार बन्नपुग्नु भनेको कुनै पनि मानेमा सच्चा क्रान्तिकारी कम्युनिस्टको नियती होइन र हुन सक्दैन । यसरी मौन धारण गरी मतियार बन्न पुग्नु क्रान्तिकारी आचरण होइन र क्रान्तिकारी आचरण मान्न सकिन्न ।

हाम्रो सम्झनामा ताजा रहि आएको कुरा के हो भने - कुनै पनि व्यक्ति विशेषको खराब आचरण र गलत प्रवृतिलाई कुनै पनि अर्थमा क्षम्य मान्नु हुन्न र त्यस्तो आचरण र प्रवृतिलाई कतैबाट पनि त्यो सुध्रिन सक्छ भनेर बचाउ गर्नुको नतिजा चिनमा भए गरेको साँस्कृतिक क्रान्तिताका क्रान्तिकारी कर्मीहरूले देङ स्याओ पिङको पार्टी एवम् सैद्धान्तिक विरोधि क्रियाकलाप विरुद्ध उनलाई कार्वाई गर्न गइरहेको बेला ती सुध्रिन र सुधार्न सक्ने समय छ भन्दै, रोकथाम गर्नुको परिणाम महान नेता माओत्से तुङको निधन भए लगतै निजको नेतृत्वमा 'चिनमा भएको प्रतिक्रान्ति' आज हाम्रो सामू दिनको घाम जतिकै छर्लङ्ग रहिआएको छ । जुन घटना हामीले चाहेर पनि आजसम्म भुल्न सकिरहेका छैनौँ र भुल्न सक्ने कुरो पनि होइन ।

हामी क्रान्तिकारी पार्टीका सच्चा क्रान्तिकारी कम्युनिस्टहरू, त्यो महान जनयुद्धलाई समय नहुँदै सुरुगरिएको र जनता सहभागि नभएको दुस्साहसवादी ठान्ने जस्ता ढुलमुले क्रान्तिकारी होइनौं । हो त सच्चा क्रान्तिकारी कम्युनिस्टहरू मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोण अनुरूप बिसुद्ध आचरण र चरित्रवान हुनुको सँगै हावामा सवार भई नदिको धार विपरित पौडेर हरहमेसा अगाडि बढिरहन सक्ने क्षमतावाण हौँ र हुनु जरुरी छ ।

अहिले नेपालमा विकास हुँदैगरेको प्रतिक्रियावादी संकट तथा अन्तरविरोधहरूको तिक्तताको सन्दर्भमा प्रतिक्रियावादी एवम् नव-संशोधनवादीहरूको यो वा त्यो गुटको अराजनैतिक गठबन्धनमा नलागि विसुद्ध क्रान्तिकारी नीतिअनुसार गएर पार्टीलाई क्रान्तिकारी दिशामा अघि बढाउने राम्रो अवसर पैदा भएको छ । प्रतिक्रियावादी र नव-संशोधनवादीहरूले फैलाउने दुषित हावा हुरिका अगाडि नझुकी इतिहासका नकारात्मक अनुभवहरूबाट शिक्षा लिएर दृढतापूर्वक पार्टीको क्रान्तिकारी कार्यदिशा लागू गर्न अगाडि बढेर मात्र प्रतिकूलतालाई अनुकूलतामा फेरिन सकिन्छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

मालेमावादी कम्युनिष्टहरूले अत्यन्तै महत्वकासाथ बुझ्नुपर्ने कुरो भनेको देश, काल र परिस्थिति भित्र खुम्चेर आत्मागत शक्ति कमजोर छ भनेर नेतृत्व मात्र ओगति बिरालो बाँदेर श्राद्ध गर्ने प्रथामा अल्झेर, क्रान्तिको माला जपेर बस्दैमा क्रान्ति आफै हुने कुरो होइन । क्रान्ति हुन र गर्न मार्क्सवादी-लेनिनवादी-माओवादी पठप्रदर्शणलाई आत्मासात गरी मालेमावादी अडान र दृष्टिकोण अनुरूप क्रान्तिकारी पथमा अग्रसर हुने मानसिकता निर्माण गरी, महान नेता लेनिनको दिव्य उपदेश -'मार्क्सवादी क्रान्तिकारीहरू कुनै पनि समय र परिस्थितिभित्र खुम्चेर बस्दैन, बरु समय र परिस्थितिलाई आफु अनुकूल बनाई हरहमेसा क्रान्तिकारी पथमा अगाडि बढिरहेको हुन्छ र अगाडि बढ्नु पर्दछ' लाई हृदयङ्गम गरी सच्चा क्रान्तिकारी कम्युनिस्टहरू हिम्मतकासाथ क्रान्तिकारी पथमा निरन्तर अगाडि बढ्न सक्नुपर्दछ ।

क्रान्तिकारी कम्युनिस्टहरूले यो कदापि भुल्नु हुन्न कि महान नेता लेनिनले 'हरहमेसा कम्युनिस्ट आदर्श अनुरूप व्यक्तिगत आचरणमा शुद्धता र संयमलाई अत्यन्त बढि जोड दिनु हुन्थ्यो । तर म यहाँ देखिरहेको छु, यहाँको वस्तुस्थिति विलकुल उल्टो, जस्तो कि यहाँका कतिपय कामरेडहरू आफु अवल दर्जाको सच्चा कम्युनिस्ट हुँ भनि सावित गर्न बडेबडेमानको सैद्धान्तिक लेख लेख्न र भाषण छाँट्न शिपालु तर व्यवहारमा भने सुन्ने, ती छद्मभेषी क्रान्तिकारीहरू दक्षिणपन्थी अवसरवाद तथा दक्षिणपन्थी नवसंशोधनवादको जवरजस्त प्रभावका कारण राजनैतिक एवम् संगठनात्मक प्रश्नसँगै व्यक्तिगत आचरण र नैतिकताको प्रश्नमा पनि पूँजीवादी अराजकता र छाडापनबाट मुक्त छैनन् । क्रान्तिकारी पार्टीको समस्याको मूलजड भन्नु नै यहि हो ।

क्रान्ति हुन र गर्न फेरिपनि क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी कार्यक्रम तर्जुमा गर्नु नै पर्याप्त होइन र हुन सक्दैन । अर्को कुरो क्रान्ति हुन र गर्न देशको वर्तमान वस्तुगतस्थिति क्रान्तिको लागि सकारात्मक भएर पनि के गर्ने, क्रान्तिकारीहरूको आत्मागत स्थिति कमजोर छ भनी हातमा हातबाँधी, पार्टीभित्र रहेको रहल-पहल विकृति र विसंगति, कमि कमजोरी, गलत प्रवृति, गलत सोच (चिन्तन), दक्षिणपन्थी अवसरवाद, दक्षिणपन्थी नवसंशोधनवाद तथा नवप्रतिक्रियावाद जस्ताको प्रभावलाई निर्मूल गरी पठाउने तिर नलागि यतिकै गतिछाडा काललै छुट दिइराख्ने हो भने आत्मागत शक्ति कमजोर मात्र होइन पार्टीमा अरु कल्पनासम्म गर्न नसकिने दुर्घटना नहोला भन्न सकिन्न । तसर्थ क्रान्तिकारीहरूले अत्यन्तै महत्वकासाथ हेक्का राख्नु पर्ने कुरो आत्मागत शक्ति कमजोर हुनु भनेको त्यो आफैमा एक गम्भिर रोग हो । जस्को निदान गरी रोगको उपचार आवश्यकता अनुरूप गर्नु नितान्त जरुरी छ । रोगको उपचार बिना आत्मागत शक्ति आफै तन्दुरुस्ति भएर आउने कुरो होइन भन्ने कुरो क्रान्तिकारी कम्युनिस्टहरूले बुझ्नु जरुरी छ ।

क्रान्तिकारी पार्टीका सच्चा कम्युनिस्टहरूले आदम्वरी रवाफ र आडम्वरि जीवन शैलिबाट माथि उठी नेता हुनुको हुँकार छोडेर, व्यवहारतः शिष्ट बोली र सादाव्यवहारमा उत्रेर उत्पिडित जनसमूदायको मनजिती आत्मियता गाँस्न सक्नु पर्दछ । किन कि यो नै एक मात्र क्रान्तिको मूल आधार स्तम्भ हो र यसलाई सहि अर्थमा जागरुक बनाई, अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुऱ्याई यसै माध्यम वैज्ञानिक समाजवादमा फडको मार्ने यो एक भरपर्दो क्रान्तिकारी कार्य विधी हो । विना अपवाद यस विधीलाई प्रत्यक कामरेडहरूले आफ्नो जिम्मेवारी बोधका साथ व्यवहारतः कार्यक्षेत्रमा उत्रनु क्रान्तिकारी कम्युनिस्टहरूको नैतिक दाइत्व हो ।

क्रान्तिको सन्दर्भमा भन्नुपर्दा, नेपालको राजनैतिक इतिहासलाई हामीले गौरगरी हेऱ्यौभने के कुरा प्रमाणित हुन आउँछ भने नेपाली पूँजीपतिवर्गले केहि विशेष ऐतिहासिक परिस्थितिहरूमा साम्राज्यवाद सामन्तवादको विरुद्ध संघर्षमा भाग लिन सक्छ र लिएका पनि छन् । अन्य परिस्थितिहरूमा सो वर्ग, आफ्नो आर्थिक तथा राजनैतिक कमजोरिको कारणले गर्दा धोकेवाजभई गद्दारी गर्न पुग्छन् । त्यसैले इतिहासको पाना पल्टाएर हामीले के सिक्न र बुझ्नु पर्छ भने नेपालमा हामीले गर्न खोजिरहेको साम्राज्यवाद-विरोधी, सामन्तवाद-विरोधी तथा यो संसदिय नवप्रतिक्रियावादी व्यवस्था विरोधी पूँजीवादी-जनवादी (नयाँ जनवादी) क्रान्ति एउटा यस्तो अभिभारा हो जसलाई पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न गर्न सकिँदैन, बरु सर्वहारावर्गको नेतृत्वमा मात्र सम्पन्न गर्न सकिन्छ ।

हामीले हरहमेसा यादगार बनाई राख्नु पर्ने यो नाभि सवाल सर्वहारावर्ग पूँजीपतिवर्गको पछि लाग्ने होकी पूँजीपतिवर्ग सर्वहारावर्गको पछि लाग्ने हो ? नेपाली क्रान्तिमा नेतृत्वगर्ने उतरदायित्वको यो सवाल अत्यन्तै महत्वपूर्ण छ, किन भने जसमाथि क्रान्तिको सफलता वा असफलता निर्भर गर्दछ । हुनत हामीले यो नाभि सवालको दुवैपक्षको सकारात्मक र नकारात्मक अनुभवहरू दश वर्षिय महान जनयुद्धको क्रममा हासिल गरिसकेका कुराहरू हुन् । पूँजीपतिवर्गले सर्वहारावर्गको राजनैतिक नेतृत्वको अनुसरण गर्दाखेरि क्रान्ति कसरी अघिबढ्यो र पछि जनयुद्धका मूल नेतृत्व प्रचण्डको गल्ति (गद्दारी)ले गर्दा सर्वहारावर्ग पूँजीपतिवर्गको राजनैतिक पुच्छर बन्दाखेरि कसरी क्रान्ति पछिल्तिर धकेल्न पुग्यो । इतिहासको यस घटनालाई हामीले भुलेरै पनि दोहरिन दिनुहुन्न ।

मालेमावादी हामी वहुसंख्यक उत्पिडित जनसमूदायमाथि भरोसा राख्छौँ र सम्पूर्ण परिस्थिति प्रति जिम्मेवारीपूर्ण ढङ्गले ध्यान केन्द्रित गर्छौँ । क्रान्तिकारी पार्टी पंक्तिहरूमा पद प्रतिस्था र सुविधावादको एउटा प्रतिविम्व रहेको क्रान्तिकारी पठबाट भागेका भगुवाहरूको पुच्छरवादलाई पुनर्जिवित हुन दिनु हुँदैन । पार्टीको वर्ग अदानलाई कमजोर पारिएमा, त्यसका विशिष्ट लक्षणहरूलाई अस्पष्ट बनाइएमा, पद, प्रतिस्था र सुविधावादका खाँचोहरू पुरा गर्नका लागि मजदुर किसान तथा वहुसंख्यक उत्पिडित जनसमूदायका हितको वलिदान गरिएमा, क्रान्ति अवश्य पनि पराजित हुनेछ । हामी यस अर्थमा सचेत हुनैपर्छ किनभने दह्रो क्रान्तिकारी नीति कार्यान्वयन गरी पूँजीवादी जनवादी (नयाँ जनवादी) क्रान्तिमा पूर्ण विजयका लागि प्रयासरत छौँ । र उपर्युक्त अवाञ्छनिय प्रवृतिहरूलाई हटाउनका लागि, सम्पूर्ण पार्टीको मार्क्सवादी-लेनिनवादी-माओवादी सैद्धान्तिक स्तरलाई उठाउनु अत्यन्त जरुरी छ, किनभने मार्क्सवाद-लेनिनवाद-माओवाद मात्र त्यस्तो शिक्षा दिग्दर्शक यंत्र हो जसले नेपाली क्रान्तिलाई विजय तर्फ मार्गदर्शन गर्नसक्छ । २०७८/४/१

*ताहाचल, काठमाडौँ*

# कम्युनिस्ट एकता, ध्रुवीकरण र पार्टी निर्माणको प्रश्न



● प्रेम सुबेदी ●

नेपाली कम्युनिस्ट आन्दोलनमा बेला बखत एकता , ध्रुवीकरण तथा पार्टी पुनर्निर्माणको चर्चा हुने गर्दछ । तर , त्यो कार्यले सार्थकता पाउन सकिरहेको छैन । त्यसका पछाडि रहेका बस्तुगत कारण के हुन ? भन्ने बिषयमा त्यति ध्यान पुगेको देखिदैन । एउटा देशमा सर्वहारा बर्गको कम्युनिस्ट पार्टी एउटै मात्रै हुनुपर्ने मान्यता बारे त्यति बिमति पनि देखिदैन , तर व्यबहारमा एउटै कम्युनिस्ट पार्टी बन्न पनि सकिरहेको छैन ।

नेपालमा जनताको सदभाव सहानुभूति र जनमत कम्युनिस्ट आन्दोलनको पक्षमा रहेकोले गैर कम्युनिस्टहरूले पनि आफुलाइ कम्युनिस्ट बताउदै जनतामा ब्यापक भ्रम सिर्जना गर्दै आए । जसले कम्युनिस्ट पार्टीको त होइन, सामान्य वामपन्थी सम्मको पनि भुमिका निर्वाह गर्न सकेको छैनन । त्यो भ्रमबाट जनतामा आलोचनात्मक चेतको बिकास गर्न नसक्नु कम्युनिस्ट आन्दोलनको गम्भीर समस्या हो । त्यतिमात्र होइन , एकातिर आधारभुत रूपमा समान दृष्टिकोण रहेका क्रान्तिकारी शक्तिहरू बीच कम्युनिस्ट आन्दोलनलाइ एकताबद्ध गर्ने बिषयमा त्यति गम्भीर्यता नदेखिनु र अर्कोतिर कम्युनिस्ट आन्दोलनबाट च्युत भएका तथा संसदवादमा नाङ्गो रूपमा पतन भएकाहरूले सबै कम्युनिस्टहरू एक हुनुपर्ने नारा लगाइ रहेको पृष्ठभूमिमा क्रान्तिकारी कम्युनिस्टहरू थप जिम्मेवार भएर कम्युनिस्ट एकता , ध्रुवीकरण र पार्टी निर्माणमा जुट्नु पर्ने समयको माग र आवस्यकता हो । तर, त्यस बिषयमा त्यति ध्यान पुगेको छैन । जसले गर्दा सामान्य कर्यनीति प्रश्नमा अन्तर देखिए पनि अलग पार्टी बनाउने परम्परा स्थापित हुदै आएको छ, तर त्यो सही दृष्टिकोण होइन ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पनि त्यसप्रकारका फुट र बिभाजन हुदै आएकोले कार्यनीतिमा अन्तर देखिए पनि फुट्नु जायज हुने जिकिर गर्ने चलन यहाँ ब्यापक छ,तराईमा त्यो सही होइन । तात्कालिक हिसाबले कार्यनैतिक प्रश्नमा हुने बिभाजनलाइ विभिन्न तर्कद्वारा सहि प्रमाणित गरे पनि सैद्धान्तिक हिसाबले कम्युनिस्ट आन्दोलन र सर्वहारा बर्गको मुक्तिको प्रश्नमा गम्भीर नकारात्मक असर पुगेको तथ्यप्रति त्यति ध्यान जाने गरेको छैन , यो कम्युनिस्ट आन्दोलनको गम्भीर समस्या हो । माओको भनाइ छ , सम्पुर्ण रूपमा मिलेकोमा एकताको कुनै गुन्जायस हुदैन , एकता भनेको नै एक अर्कोमा रहेको अन्तरका बीचको एकता हो । त्यस कारण पार्टि एकता वा ध्रुवीकरण को चर्चा गर्दा सम्पुर्ण रूपमा समान सोचाइ र नीति भएमा मात्र एकता हुन्छ भन्ने कोण्बाट मात्र सोचियो भने त्यो एकता हुदैन । यसका साथै अर्को एउटा पक्षप्रतिशात पनि हाम्रो ध्यान जान जरुरी छ त्यो हो एकताको नाममा सिद्धान्तमा मोलतोल गर्ने र आधारभुत रूपमा फरक हुदा पनि एउटै पार्टी बनाउन सकिन्छ भनेर सिद्धान्तलाइ तिलान्जलि दिने जुन प्रवृत्ति छ यसले कम्युनिस्ट आन्दोलनलाइ विसर्जनतर्फ नै लग्दछ ।

वास्तवमा सर्वहारा बर्गको पार्टी निर्माण र क्रान्ति गर्ने सोचाइलाइ केन्द्रमा राखेर नै एकता र ध्रुवीकरण प्रक्रियालाइ अगाडि बढाउनु अहिलेको आवस्यकता हो । कम्युनिस्ट आन्दोलनलाइ एकताबद्ध गर्न कुनै आग्रह वा पुर्वाग्रह भन्दा माथि उठेर नै एकता वा ध्रुवीकरणको प्रक्रियालाइ अगाडि बढाउन सकिन्छ र सक्नु पर्दछ । यस सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) ले लगातार पार्टी एकताको लागि इमानदारी पुर्वक पहल र प्रयत्न गर्दै आए पनि सार्थकता पाउन सकिरहेको छैन । तर , तात्कालिक रूपमा सफलता नमिले पनि पार्टी एकता , ध्रुवीकरण र पार्टी निर्माणमा त्यसको ऐतिहासिक महत्व रहेको छ ।

बिभाजित आन्दोलनलाई एकताबद्ध गर्न सामन्य मेहनत र औपचारिक सम्बादले मात्रै अबस्य त्यो कुरा पुरा हुदैन , त्यसका लागि पार्टी एकताका आधारहरू बारे आबस्यकता अनुसार आन्तरिक र खुल्ला बहस गर्न तयार हुनुपर्दछ । अहिले संसदवादि "कम्युनिस्ट " पार्टीहरूले एकताको जुन चर्चा गरेका छन त्यो कम्युनिस्ट पार्टीको एकता नभएर पुजीवादीहरू कै एकता हुने कुरा निश्चित छ । तसर्थ , सच्चा क्रान्तिकारीहरूको एकताको लागि छरिएर रहेका सबै कम्युनिस्टहरूले आ - आफ्नो ठाउँबाट ईमानदारिता पुर्वक सचेत पहल र प्रयत्न गर्ने हो भने एकताको आधार बन्न सक्दछ । नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) का महासचिव क मोहन बैद्य किरणले केही दिन पहिले ४३ औ पुष्पलाल स्मृति दिवसका अबसरमा आयोजित कार्यक्रममा कम्युनिस्ट क्रान्तिकारीहरू बीच एकताको लागि जुन दृष्टिकोण अगाडि सार्नु भएको छ, त्यसलाइ प्रस्थानबिन्दु मानेर अगाडि बढ्दा बिभाजित आन्दोलनलाइ एक ठाउँमा ल्याउन सकिने छ ।

# १९०५को रसियन पुँजीवादी क्रान्ति: सर्वहारा कार्यनीतिहरूको विकास



● हुकुमबहादुर सिंह ●

***तीसको दशकमा यद्यपि ट्रटस्कीवाद मजदुर वर्गभित्र एउटा राजनीतिक प्रवृति हुनबाट हराउँदै गयो । यसले यसको मार्क्सवाद विरोधी लाइनको खुला प्रचारका प्रयासहरूलाई त्यागी दियो तर गोप्य योजना बनाउने र युद्ध अभ्यासमा वदलाव गर्‍यो । सोभियत संघमा ट्रटस्की र उच्च ट्रटस्काइटहरूले विदेशी जासुसी सेवाहरूसित सम्वन्ध विकास गरे र पार्टीभित्रका नेतृत्वदायी तत्वहरूको हत्या गर्ने र पार्टीको नेतृत्व हडप्ने योजनाहरूमा काम सुरू गरे । यो योजनाको एउटा भागका रूपमा १९३४मा कमरेड किरोभको हत्या गरियो, जो त्यस समयमा स्तालिन पछिको पार्टी लिडरशिपमा दोस्रो नम्बरमा थिए***

रसियन बोल्सेविकमा आएको विभाजनको अवधि विश्व परिस्थितिमा आएका प्रमुख परिवर्तनहरूको अवधिको सुरूवातमा थियो । युरोपमा प्रमुख पुँजीवादी देशहरूबीच शान्तिको ३५ वर्ष लामो ग्याप युद्धहरूको लगातार घटनासितै तोडिएको थियो । साम्राज्यवादको उमेर भरभराउदो थियो र नयाँ साम्राज्यवादी शक्तिहरूले बजार हडप्न र विस्तार गर्नका लागि लडन सुरू गरे । तिनीहरू क्षेत्रीय युद्धहरूको एउटा जोड घटाउको संख्या भित्र छिरे । तिनीहरूमध्ये एउटा महत्वपूर्ण युद्ध १९०४-१९०५को रसियन-जापनिज युद्ध थियो । यी क्षेत्रीय युद्धहरू विश्वको पुनः विभाजनका लागि १९१४-१९१८को विध्वंसकारी प्रथम विश्व युद्धका लागि साम्राज्यवादी शक्तिहरूद्धारा तिनीहरू आफैले तयारी पारिएको थियो ।

सो अवधि क्रान्तिहरूको एउटा नयाँ विद्रोहको अवधि पनि थियो । यी क्रान्तिहरूको प्रमुख स्रोत यद्यपि त्यसवेलामा युरोप नभई एशिया थियो । यी क्रान्तिहरूको पहिलो १९०५को रसियन पुँजीवादी क्रान्ति थियो, जसको पछि टर्किस, प्रशियन र चीनीयाँ पुँजीवादी क्रान्तिहरू भए । सर्वहाराको भूमिकाको दृष्टिकोणबाट र मार्क्सवादी क्रान्तिकारी कार्यनीतिहरूको विकासका हिसावले यी क्रान्तिहरूको सबै भन्दा महत्वपूर्ण १९०५को रसियन क्रान्ति थियो । यसको सुरूवात रसियन-जापनिज युद्ध थियो ।

रसियन-जापनिज युद्ध, जो ८ फरवरी १९०४मा सुरू भएको थियो, जारका निम्ति हार र २३ अगस्त १९०५मा गरिएको एउटा अनादरयुक्त शान्ति सम्झौतामा अन्त्य भयो । बोल्सेविकहरूले यस युद्धमा एउटा स्पष्ट क्रान्तिकारी अडान र दृष्टिकोण लागु गरे । उनीहरूको आफ्नै सरकारको विरूद्ध गए र देशभक्ती र राष्ट्रवादको कुनै पनि झुटा मान्यताहरूलाई खारेज गरे । उनीहरूको पद्धति यो थियो कि जारको हार क्रान्तिका निम्ति उपयोगी हुने छ, किनभने यसले जारतन्त्रलाई कमजोर बनाउने छ र क्रान्तिलाई बलियो बनाउने छ । यही नै वास्तविकता बन्यो । १९००-१९०३को आर्थिक संकटले उत्पीडित जनसमूहको कठिनाइहरूलाई पहिलेबाटै अझ ज्यादा कठिन बनाएको थियो । युद्धले यो दुख दर्दलाई अझ झन तीब्र बनायो । जतिजति युद्ध निरन्तर बन्दै गयो र रसियन सशस्त्र फौजले एकपछि अर्को हारको सामना गर्दै गयो, जनताको जारप्रतिको घृणा बढदै गयो । तिनीहरूले १९०५को महान् क्रान्तिसित त्यसलाई प्रतिक्रिया दिए ।

जसको बोल्सेविकहरूले नेतृत्व गरेको बाकुको तेल मजदुरहरूको आम हडतालसित डिसेम्वर १९०४मा भएको ऐतिहासिक आन्दोलन सुरू भयो । यो रसियाभर हडतालहरू र क्रान्तिकारी कार्यहरूको एउटा लहरका लागि 'सुचना दिने वत्ति' थियो । खासगरी, क्रान्तिकारी तुफान २२ जनवरी १९०५मा पिट्वर्गमा निःशस्त्र मजदुरहरूको एउटा प्रदर्शनमाथि अन्धाधुन्ध गोली प्रहार र कत्लेआमसित विष्फोट भयो । जारको प्रयास मजदुरहरूलाई रगताम्य पारेर ध्वस्त पार्ने थियो तर यसले जनसमूहबाट अझ ज्यादा डरलाग्दो प्रतिकृया मात्रै प्रेरित गर्‍यो । १९०५को अवधिभर मजदुरहरूद्धारा मिलिटेण्ट राजनीतिक हडतालहरूको लहर उठने, किसानहरूद्धारा जमिन र जमिन्दारहरूको अनाज खोस्ने र पोटम्किन युद्ध जाहाजका रसियन नेभि सेलर्सद्धारा विद्रोह समेतको अवधि थियो । जारले दुइ पटक, एउटा बोलीमा संघर्षलाई अन्तै मोडने उद्येश्यले पहिलो पटक एउटा 'परामर्शदाता' र अनि त्यसपछि 'विधायिका' दुमा(दुमा रसियन संसद हो) प्रस्ताव गर्‍यो । बोल्सेविकहरूले दुवै/दुमाहरू इन्कार गरे जबकि मेन्सेविकहरूले भाग लिने निर्णय गरे । क्रान्तिको उच्च लहर १९०५को अक्टोवर र डिसेम्वरका बीचमा थियो । यो अवधिका दौरानमा, सर्वहाराले, विश्व इतिहासमै पहिलो पटकका लागि, मजदुरहरूका डेपुटिजहरू-जुन सबै मिलहरू र कारखानाहरूबाट प्रतिनिधिहरूको सभाहरू थिए, को सोवियत स्थापना गर्‍यो । यीनीहरू क्रान्तिकारी सत्ताका भ्रुण थिए, र १९१७मा समाजवादी क्रान्तिपछि सोभियत सत्ता स्थापनाका लागि मोडल भए । अक्टोवरमा एउटा अखिल-रसिया राजनीतिक हडतालसित सुरू गर्दै, क्रान्तिकारी संघर्षहरू जबसम्म मस्कोमा,र अन्य शहरहरू र देशभरका नेश्नलिटिजहरू डिसेम्वरमा, बोल्सेविक नेतृत्वको सशस्त्र विद्रोहहरू भए, उठदै गए, यी निशम्सपूर्वक ध्वस्त गरिए र त्यसपछि क्रान्तिको ज्वार कम हुन सुरू भयो । क्रान्ति यद्धपि अझै पनि ध्वस्त भएको थिएन् र मजदुरहरू र क्रान्तिकारी किसानहरू सुस्तसुस्त लडाइमा फर्कीए । एक लाख भन्दा बढि मजदुरहरूले १९०६मा हडतालहरूमा भाग लिए, र १९०७मा ७४०, ००० ले । किसान आन्दोलनले १९०६को पहिलो आधामा जारशाही रसियाको जिल्लाहरूको करिब आधा र वर्षको दोस्रो आधामा करिब पाच भागको एकभाग आफ्नो अधिनमा गर्‍यो । क्रान्तिको उच्चता यद्धपि पार भएको थियो । ३ जुन १९०७मा, जारले एउटा सम्पत्ति कूँ गर्‍यो, उसले आफै निर्माण गरेको दुमालाई विघटन गर्‍यो, र क्रान्तिका दौरानमा उसलाई वाध्य वनाएर प्रदान गरेका सिमित अधिकारहरू समेत फिर्ता गर्‍यो । जारशाही प्रधानमन्त्री स्टोलिपिन, जसलाई स्टोलिपिन प्रतिक्रिया भनिन्थ्यो, अन्तरगत निर्मम दमनको अवधि सुरू भयो । यो १९१२मा हडतालहरू र राजनीतिक संघर्षहरूको अर्को लहर नआएसम्म रहयो ।

यद्धपि १९०५को क्रान्तिलाई हराइयो जसले जारशाही शासनका धेरै जगहरूलाई हल्लाइ दियो । यसले तीन वर्षको छोटो छोटो दुरीमा, मजदुर वर्ग र किसानलाई एउटा बहुमूल्य राजनीतिक शिक्षा पनि दियो । यो अवधि पनि थियो जब बोल्सेविकहरूले सर्वहाराको रणनीतिहरू र कार्यनीतिहरू सम्वन्धमा उनीहरूको क्रान्तिकारी बुझाईको आधारभूत सच्चाईलाई व्यवहारमा सिद्ध गर्‍यो । यो क्रान्तिको कोर्षमा थियो कि बोल्सेविकको क्रान्तिको मित्रहरू र शत्रुहरू र संघर्षका रूपहरू र संगठनका रूपहरू सम्वन्धी बुझाइ दृढतापूर्वक स्थापित गरियो ।

बोल्सेविकहरू र मेन्सेविकहरूका माथि उल्लेखित सबै प्रश्नहरूमा विरोधी बुझाई थिए । मेन्सेविकहरूको बुझाई सुधारवादी थियो र कानुनी बुझाई थियो जुन त्यस वेलासम्म दोस्रो अन्तराष्ट्रियका घेरै पार्टीहरूमा साझा बुझाई भएर अगाडि आएको थियो । यो बुझाइ यसमाथि आधारित थियो कि रसियन क्रान्ति, एउटा पुँजीवादी क्रान्ति भएकाले, उदार पु'जीपतिद्धारा नेतृत्व गरिनु पर्दथ्यो, र त्यसकारण सर्वहाराले कुनै त्यस्तो पाइला चाल्नु ह'दैन् जसले पु'जीपतिलाई डराउने गराउने छ र जारको हतियारभित्र यसलाई धपाएर पठाउने छ । बोल्सेविक बुझाई अर्कोतीर क्रान्तिकारी बुझाई थियो जुन सर्वहाराले क्रान्तिको नेतृत्वका लागि पुँजीपतिमाथि भरपर्न सक्दैन् र क्रान्तिको नेतृत्व आफैले लिनु पर्दछ । यो नै क्रान्तिकारी आधार थियो जुन बोल्सेविकहरूले क्रान्तिको सबै अन्य रणनीतिक र कार्यनितिक प्रश्नहरूमाथिको उनीहरूको बुझाईको विकास गरे । यसरी बोल्सेविकहरूले क्रान्तिको विस्तारका लागि र सशस्त्र विद्रोहमार्फत जारलाई फयाक्न आव्हान गरे, मेन्सेविकहरूले एउटा शान्तिपूर्ण फ्रेमवोर्कभित्र क्रान्तिलाई नियन्त्रणमा राख्ने कोशिस गरे र जारशाहीलाई सुधार गर्न र विकास गर्ने प्रयास गरे ।

बोल्सेविकहरूले मजदुर वर्गको नेतृत्वका लागि, उदार पुँजीपतिको पृथकतामा र किसानसित एउटा बलियो मित्रतामा दवाव दिए, मेन्सेविकहरूले उदार पुँजीपतिसित मित्रता र उसको नेतृत्व स्विकार गरे र किसानलाई एउटा क्रान्तिकारी वर्गका रूपमा उसित मित्रताका लागि मान्यता दिएनन् । बोल्सेविकहरू एउटा सफल जनताको विद्रोहका आधारमा एउटा अस्थाई क्रान्तिकारी सरकार गठनमा सहभागिताका लागि तयार थिए र जारले दिएको दुमाको बहिष्कारका लागि आव्हान गरे, मेन्सेविकहरू दुमामा भागलिन तयार थिए र यसलाई देशका 'क्रान्तिकारी शक्तिहरू' को केन्द्र बनाउने प्रस्ताव राखे । मेन्सेविकहरूको बुझाई सुधारवादी प्रवृतिको एउटा एक्लीएको उदाहरण थिएन् । वास्तवमा मेन्सेविकहरू बुझाई त्यो समयमा दोस्रो अन्तराष्ट्रियका प्रमुख नेतृत्वदायी पार्टीहरूको बुझाईको पुरै प्रतिनिधित्व थियो । यसरी लेनिन र बोल्सेविकहरू मेन्सेविकहरूको सुधारवादका विरूद्ध मात्रै लडिरहेका थिएनन् तर त्यो समयमा प्रभुत्व भएका अन्तराष्ट्रियका तथाकथित मार्क्सवादी पार्टीहरूका सुधारवादी बुझाईका विरूद्ध थिए । लेनिनका मान्यताहरू यद्धपि मार्क्स र ऐगेल्सका क्रान्तिकारी बुझाइको एउटा निरन्तरता र विकास थिए । यो साम्राज्यवाद- एउटा नयाँ चरणभित्र पुँजीवादको वृद्धिद्धारा ल्याइएको नयाँ अवस्थाहरूमा लागु गरिएका मार्क्सवादी क्रान्तिकारी कार्यनीतिहरूको एउटा अर्को विकास थियो । लेनिनले क्रान्तिको दौरानमा उनका विभिन्न लेखहरूमा खासगरी प्रजातान्त्रिक क्रान्तिमा सामाजिक प्रजातन्त्रका दुई कार्यनीतिहरू भन्ने उनको किताबमा यी कार्यनीतिहरू प्रकाशित गरे । जुलाई १९०५मा लेखिएको यो किताब बोल्सेविकहरू र मेन्सेविकहरूले वेग्लै कंग्रेसहरूको आयोजना गरेपछि , दुई समूहहरूद्धारा प्रस्तावित रणनीति र कार्यनीतिहरूमा आवश्यक भिन्नताहरू बाहिर आए ।

लेनिनद्धारा यस कामका लागि र अन्य कामहरूका लागि प्रस्तुत गरिएका आधारभूत कार्यनीतिक सिद्धान्तहरू निम्न थिए :

१. लेनिनका सबै लेखहरूमार्फत प्रवाह भएका प्रमुख कायनीतिक सिद्धान्त यी थिए कि सर्वहारा पुँजीवादी प्रजातान्त्रिक क्रान्तिको नेता वन्न सक्छ र बन्नु पर्दछ । यो काम गर्नका लागि दुईवटा अवस्थाहरू आवश्यक थिए । पहिलो, सर्वहाराका लागि एउटा मित्र हुनु आवश्यक थियो जसले जारशाहीमाथि एउटा निर्णायक विजयमा इच्छुक थियो र जसले सर्वहाराको नेतृत्व स्विकार गर्न इच्छुक हुन सक्दथ्यो । लेनिनले विचार गरे कि किसान यस्तो एउटा मित्र थियो । दोस्रो, यो आवश्यक थियो कि त्यो वर्ग जसले क्रान्तिको नेतृत्वका लागि सर्वहारासित लडिरहेको थियो र यसको पूर्ण नेता बन्नलाई कोशिस गरिरहेको थियो, नेतृत्वको प्रतिष्पर्धाबाट बाहिर बलजफ्ती फयाकिएको थियो र एक्लो बनाइयो । लेनिनले बुझे कि उदार पुँजीपति एउटा यस्तो वर्ग थियो । यसरी सर्वहाराको नेतृत्वको लेनिनको प्रमुख कार्यनीतिक सिद्धान्तको सारतत्वको अर्थ त्यही समयमा किसानसितको मित्रताको नीति र उदार पुँजीपतिलाई एक्ल्याउने नीति ।

२. संघर्षका र संगठनका रूपहरूको सन्दर्भमा, लेनिनले सोंचे कि जारशाहीको अन्त्य र प्रजातान्त्रिक गणतन्त्रको प्राप्तका लागि प्रभावकारी तरिकाहरू एउटा विजयी जनताको सशस्त्र विद्रोह थियो । यसलाई प्राप्त गर्नका लागि लेनिनले मजदुरहरूको सशस्त्रीकरण र मास राजनीतिक हडतालहरूका लागि आव्हान गरे ।

उनले ८ घण्टाको कार्य दिन र अधिकारीहरू र कानुनलाई नजरअन्दाज गर्दै एउटा क्रान्तिकारी तरिकामा मजदुर वर्गका अन्य तात्कालिन मागहरू प्राप्तीका लागि आव्हान पनि गरे । त्यसैगरी उनले परिवर्तनका लागि जस्तै एउटा क्रान्तिकारी तरिकाले जमिन खोस्न क्रान्तिकारी किसान समितिहरूको गठनका लागि आव्हान गरे । अधिकारीहरूलाई अनादरका यी कार्यनीतिहरूले जारको राज्य संयन्त्रलाई प्यारलाइज गर्‍यो र जन समूहको पहकदमी बढायो । यसले शहरहरूमा क्रान्तिकारी हडताल समितिहरू र गाउ'क्षेत्रमा क्रान्तिकारी किसान समितिहरू गठन गर्‍यो, जुन पछि मजदुर डेपुटिजहरूका सोवियतहरूमा र किसान डेपुटिजहरूका सोवियतहरूमा विकास गरे ।

३. लेनिनले अझ जोड दिएर भने कि क्रान्ति पुँजीवादी क्रान्तिको विजयपछि र प्रजातान्त्रिक गणतन्त्रको प्राप्तीपछि रोकिनु हुँदैन् । उनले प्रस्ताव गरे कि क्रान्तिकारी पार्टीको कर्तव्य पुँजीवादी क्रान्तिलाई समाजवादी क्रान्तितर्फ अगाडि बढाउन हरसम्भव उपायहरू गर्नु पर्दछ । उनले यसरी मार्क्सको निरन्तर क्रान्तिको अवधारणालाई ठोस आकार दिए ।

यी कार्यनीतिक सिद्धान्तहरू पछिल्ला अवधिका दौरान बोल्सेविक प्राक्टीसका लागि आधार बने । यसले अन्त्यमा १९१७ अक्टोबर क्रान्तिको विजय प्राप्त गर्‍यो र विश्वमा पहिलो मजदुरहरू(सर्वहाराहरू)को राज्य स्थापना गर्‍यो ।

*singhhukum683@gmail=com*

## प्रतिगमनको...

आयो । राजनीतिक समस्या समाधान भैसकेको भए, यो प्रतिगमनका विरुद्ध जानु पर्ने हुन्थ्यो ? यसबाट राजनीतिक समस्या समाधान भएको भन्ने भनाई गलत भएको पुष्टि भएन र ? आखिर संघर्ष सडकमा भयो, सदनमा भयो । यो मुद्दा सर्वोच्च अदालतमा पनि पुग्यो । सर्वोच्च अदालतले विद्यमान संसदमा भएका सांसद मध्ये बहुमतको हस्ताक्षर सहित सर्वोच्च अदालत पुगेका पाँच पार्टीका सांसदको दावी र समाजमा भएका विरोधहरू माथि समेत ध्यान दिँदै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधान मन्त्री बनाउन परमादेश नै जारि गरेपछि मात्र संसदको दुई तिहाई बहुमतबाट प्रधान मन्त्री बनेका ओली अन्ततः अल्पमतको सरकारमा परिणत भएर सिंह दरवार र बालुवाटारबाट बाहिरिए ।

दक्षिणको छिमेकीले दिएको मार्ग चित्र अनुसार चलेका ओलीको अभिष्ट पुरा भएको भए ठुलै प्रतिगमन हुने खतरा प्रष्टरूपमा देख्न सकिन्थ्यो । त्यसैले गर्दा ओलीको सडक र संसद सर्वत्रबाट विरोध भयो । उनी टिक्न सकेनन् । ओलीको नेतृत्वमा हुन लागेको उक्त प्रतिगमन अहिलेलाई टरेको छ । यसलाई सकारात्मक रूपमा नै लिइएको छ ।

***गठवन्धनको समस्या***

यो एउटा सामान्य नियम हो कि एउटा प्रतिगमनलाई पराजित गरेपछि समाजले अग्रगमनको बाटो समात्नु पर्दछ । अग्रगमन तिर अघि बढ्नका लागि प्रतिगमनलाई पराजित गरिन्छ । जनताको पनि यस्तै अपेक्षा हुन्छ । पहिले चार पटक प्रधान मन्त्री भैसकेका शेरबहादुर देउवाको विगतको रिकर्ड राम्रो नभएको हुनाले उनीबाट अग्रगमनको यात्राको नेतृत्व हुने कुरामा धेरै पक्षले आशंका व्यक्त गरेका छन् । उनको यस पटकको प्रधान मन्त्रीत्वलाई विगतको नराम्रो पखाल्ने अवसर पनि हो भन्ने भनाई व्यापकरूपमा आइरहेको छ । उनलाई धेरैले सार्वजनिक रूपमा यस प्रकारको सुझाव पठाएको पनि पाइन्छ । प्रधान मन्त्री भएका हुनाले सबैको ध्यान उनैतिर केन्द्रित हुनु स्वभाविक हो । यो सरकारले जनताको हितमा काम गरेर छिटै देखाओस् भन्ने पनि जन चाहना भएको पाइन्छ । तर, केही हप्ताकै अन्तरालमा यो सरकार त्यसमा पछि पर्दै गएको छ भन्ने टिप्पणी निकै व्यापक रूपमा हुन थालेको छ ।

गठवन्धन भित्रै गम्भीर समस्या भैसकेको भन्ने त देखिँदैन । तथापि, वस्तुगत रूपमा केही समस्या स्वभाविक रूपमा देखिएका छन् । सबै भन्दा पहिलो विषय त सरकारले पूर्णता पाउन सकिरहेको छैन । सरकारव्दारा कार्य सम्पादन हुन सकिरहेको छैन । यसले नकारात्मक प्रभाव पर्नु स्वभाविक हो । त्यो कुरा देउवा आफैंले पनि भनिरहेका छन् ।

ओलीको प्रतिगमनका विरुद्ध संघर्ष गर्ने सन्दर्भमा संसद भित्रका पाँच दलको मोर्चा बनेको थियो । मोर्चा भित्रकै कतिपय नेताहरूले 'यो मोर्चालाई नै दिर्घकालिन बनाउनु पर्छ, आगामी निर्वाचनमा पनि मोर्चाले मिलेर लड्नु पर्छ । सरकार पनि मिलिजुली बनाउनु पर्छ' भन्ने अभिव्यक्ति सार्वजनिक गर्दै आएका छन् । तर,पाँच दल मध्यको 'राष्टिय जन मोर्चा'ले उसको सरकारमा नजाने नीति रहेको स्पष्ट पारेको समाचार आइरहेको छ । रा ज मो का नेताहरूको भनाई अनुसार उसले यो सरकारलाई दोष र गुणका आधारमा समर्थन वा विरोध गर्ने नीति तय गरेको छ । माधव नेपालले नेतृत्व गरेको 'एमाले'मा समग्र 'एमाले' भित्रको एकता वा विभाजनको विषय स्पष्ट नभैकन सरकारमा जाने वा नजाने भन्ने विषयको अहिले निर्णय गरि नहाल्ने भन्ने नीति रहेको भन्ने चर्चा चलिरहेको छ । यी हरफ लेखिँदा सम्म संसद भित्रको पाँच दलीय गठवन्धनको सरकारमा सामेल हुने वा नहुने स्थिति यस्तो देखिएको छ ।

***कोरोना भाइरसको चुनौती***

कोभिड १९को उपचारको लागि निश्चित औषधी पत्ता लागि सकेको छैन । त्यसको निमित्त खोप नै यतिखेर सम्मको उपचार हो । त्यसैले यो महामारीका विरुद्ध जुधिरहेका सबैले खोपमा नै जोड दिइरहेका छन् । नेपालमा सबै जन पक्षीय शक्तिहरूले सम्पूर्ण नेपाली जनतालाई छिटो भन्दा छिटो निःशुल्क खोपको व्यवस्था गर्नु पर्छ भन्ने माग अघि सारिरहेका छन् । देउवाले प्रधान मन्त्री हुने वित्तिकैको आफ्नो भनाईमा पहिलो प्राथमिकता नै खोप हो..खोप, खोप, खोप भन्ने सुन्न पाएका जनतामा निकै आसाको संचार गरेको थियो । तर, खोपको सुस्त गती, कोभिड १९को तेस्रो लहरको प्रचार र तयारीमा भएको अव्यवस्था देखेर जनतामा निरासा बढ्दै गएको छ । दिनको करिव ४ हजारका दरले कोरोना संक्रमित हुनु र सरकारले त्यसलाई नियन्त्रण गर्न र उपचारको व्यवस्था गर्न नसक्नुको कारणले यो निरासा आक्रोसमा बदलिन सक्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

***पहिलो गाँसमै ढुंगा !***

देउवाले नेपालकै सबैभन्दा महँगोमध्येको एउटा निजी विद्यालयका मालिक र संचालकलाई स्वास्थ राज्य मंत्री बनाए पछि त्यसको सर्बत्र विरोध भएको छ । यसलाई उनकै पार्टी भित्रका नेताहरूले पार्टीको आगामी महाधिवेशनमा सभापतिमा दोहोरिने उनको योजनामा आर्थिक पक्षलाई ध्यान दिएर यो निर्णय गरिएको आशंका व्यक्त गरिरहेका छन् । शिक्षा र स्वास्थको क्षेत्रमा सुधारका लागि संघर्षरत व्यक्तित्वहरू, उनकै गठबन्धन भित्रका पार्टी र अन्य पार्टीहरूले पनि यसको विरोध गरेका छन । यसलाई देउवाको प्रधानमन्त्रीत्वको पाँचौं पटककोलागि 'पहिलो गाँसमै ढुगा'को रूपमा लिइएको छ । देउवाले यसमा आफ्नो गल्ती भएको त स्वीकारेका छन् । तर, यो वहश अहिले पनि साम्य भएको छैन ।

***अग्रगामी विकल्प***

केपीशर्मा ओलीले एकपटक नेपाली जनतालाई राम्रै सँग झुक्याउन सफल भएका थिए । उनले 'समृद्ध नेपाल' र 'सुखी नेपाली' जस्तो लोकप्रिय नारा दिएर दुई तिहाई बहुमतको सरकारका प्रधान मन्त्री बने । केही समय पछि गएर सामान्य बहुमतको सरकारका प्र म भए । त्यसभन्दा पछाडि अल्पमतका प्र म भएर कुर्सीमा टाँस्सिने प्रयास गरे । तर असफल भए । यस प्रकारको घटना नेपालको इतिहासमा भएको थिएन होला । चौतर्फी विरोध पछि उनको केही चलेन । उनलाई हटाइयो । उनी हटेपछि परिस्थितिमा जुन परिवर्तन देखिनु पर्ने जनताको चाहना थियो, त्यो पनि पुरा हुने भरपर्दो संकेत देखिएको छैन । यो तथ्यले पनि के संकेत गर्दछ भने व्यक्ति परिवर्तन भएर तिनै पार्टीहरू मध्येबाट केही हेरफेर गरेर यो जटिल समस्याको समाधान हुने संभावना छैन । यसको निमित्त यो भन्दा अग्रगामी विकल्पको आवश्यकता छ ।

*२०७८ / ४ / १४*

## नेकपा...

किसान परिवारलाई नदी किनारको जगलमा राखी बाडी पहिरोबाट उनीहरूको सत्यानास गर्ने तर भूमाफियाहरूलाई चितवनको बहूल्य जगा कोडीको मूल्यमा दिने सरकारको यस्तो निर्णय जनविरोधी र गरीवमारा हो भन्ने स्पष्ट भएको छ । त्यसैले सम्पूर्ण भूमि राष्ट्रियकरण गर्न, जमिनमाथिको खण्डीकरण बन्द गर्न र भूमाफियाहरूलाई कारवाही गर्ने उद्येश्यका साथ यो जग्गा कब्जा घोषणा कार्यक्रमले गति लिने छ भन्ने स्पष्ट पार्दै आम जनता पार्टीको यो कार्यक्रमको झण्डामूनी गोलवन्द हुन आव्हान गर्नु भयो । उक्त कार्यक्रमको संचालन सीपी सुवेदीले गर्नु भएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) चितवन जिल्लाले माडी नगरपालिका वडा न. ३ स्थित पौहारी गाउँमा ट्वन्टी वान ग्रूप प्रोपर्टी प्रा.लि.ले माडि नगरपालिका समेत संगको मिलेमतोमा सर्वसाधारण जनताको जग्गा खरित गरि नगरपालिकाको निर्णय विपरित भुमि खण्डिकरण गरेको भन्दै उक्त जग्गा कब्जा गरेको हो । केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज विकास र जिल्ला सेक्रेटरी अशोक शर्माको नेतृत्वमा गएको टोलीले उक्त समुहको नाममा रहेको सयौं विघा जमिनमा पार्टीको झण्डा र व्यानर राखेर कब्जा गरेको हो । जमिन कब्जा गरिसकेपछि पार्टी सेक्रेटरी अशोक शर्माले भुमाफियाहरूले राज्यसत्तासंगको मिलोमतोमा अनधिकृत रूपमा जग्गा प्लटिङ गरि उत्पादनमुलक जग्गा मरुभूमि बनाउनुका साथै माडी कृषि पर्यटन र पर्यावरणलाई समेत ध्वस्त पार्ने भएको कारण आफुहरू उक्त जग्गा कब्जा गर्न बाध्य भएको बताउनु भयो। बोल्ने क्रममा सेक्रेटरी शर्माले नगरपालिका समेत माफियासंगको मिलेमतोमा जमिन खण्डिकरण प्रक्रियामा मुसिएको कारण स्थिति जटिल भएको बताउदै सत्ताको दुरूपयोग गरेर गरिने यसखालका माफिया र कमिसनखोरहरूलाई नछाड्ने बताउनु भयो। राज्यले आगो लगाएर नदिका डिलमा र जंगलका विचमा अलपत्र पारेर माफियाहरूलाई कमिसनको आडमा नगरपालिकाले जमिन खण्डिकरण गरेको बताउदै यो हर्कत तुरुन्त नरोके उक्त जग्गामा सुकुम्बासीहरू ल्याएर राख्ने बताउनु भयो । यसैबीच नेकपा(क्रान्तिकारी माओवादी) जिल्ला समिति चितवनले एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । जिल्ला पार्टी सेक्रेटरी हेमन्तद्वारा हस्ताक्षेरित उक्त विज्ञप्तिमा जनाइएको छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# तुइनमा झुन्डिएकै बेला भारतीय सीमा सुरक्षा बल (एसएसबी) का सुरक्षाकर्मीले लट्ठा फुकालिदिएपछि वैदेशिक रोजगारीमा हिँडेका नेपाली युवक बेपत्ता

## दार्चुलावासी आफ्नै जिल्ला सदरमुकाम पुग्न पनि तुइन तरेर महाकाली पारि भारतको बाटो हिँड्न बाध्य छन् तर एसएसबीले अवैध भन्दै पटकपटक तुइन खुस्काउँदै आएको छ



दार्चुला। व्यास गाउँपालिका-२ राङ्थाङ बस्तीका ३५ वर्षीय जयसिंह धामी शुक्रबार बिहान घरबाट निस्किए। वैदेशिक रोजगारीको खोजीमा काठमाडौं पुग्ने उनको योजना थियो। दुर्भाग्य, राजधानी पुऱ्याउने बस समात्न आफ्नै जिल्ला सदरमुकाम पुग्न पनि उनलाई महाकाली पारि भारतीय बाटो नहिँडी सुख थिएन। तर, दुःखका सय जँघार तर्दै पसिना बगाउन हिँडेका उनको सपना घरनजिकै महाकालीमा डुब्न पुग्यो। दार्चुलाको व्यास-२ मालघाटमा नेपाल-भारत सीमा नदी माथिको तुइन शुक्रबार एसएसबीले फुकाल्दा ३५ वर्षीय युवक जयसिंह धामी बेपत्ता भएको स्थानमा खोजी गर्दै स्थानीय।

गाउँनजिकैको मालघाटस्थित तुइनबाट महाकाली तरेर भारतीय बाटो हुँदै सदरमुकाम आउने जयसिंहको योजना थियो। तर, नदीमा खसेर उनी बेपत्ता भएका छन्। 'तुइनमा झुन्डिएकै बेला भारतीय सीमा सुरक्षा बल (एसएसबी) का सुरक्षाकर्मीले लट्ठा फुकालिदिएपछि जयसिंह महाकालीमा खसेका हुन्,' स्थानीय बासिन्दा भन्छन्। स्थानीय नवीन धामीका अनुसार सदरमुकाम खलंगा जान हिँडेका ६/७ जना शुक्रबार बिहान करिब ८ बजे महाकाली किनारामा पुगेका थिए। पालैपालो तुइन तर्ने क्रममा तीन जना पारि पुगिसकेका थिए। चौथो यात्री थिए जयसिंह। उनी पनि ताङ्लो प्रयोग गरेर झन्डैझन्डै पल्लो किनार पुगिसकेका थिए।

'पारि पुग्न तीन/चार मिटरमात्र बाँकी थियो होला, त्यही बेला पारिबाट एसएसबीले रूखमा बाँधिएको लट्ठा खोलिदिए। तुइनसहित जयसिंह पनि महाकालीमा खसे, पानीको वेगले उनलाई बगायो,' नवीनले भने। एसएसबीका सुरक्षाकर्मीले लट्ठा खोल्न थालेपछि वारिबाट मान्छेहरू चिच्याएका थिए। 'तुइन नखोल्न एसएसबीलाई आग्रह गर्दासमेत वास्ता भएन। हात जोड्दा, सलाम गर्दा पनि फटाफट तार खोलिरहे। जयसिंहले त एसएसबीले तुइन खोलेको समेत पत्तो पाएनन्,' नवीनले भने।

तारमा लतारिएका जयसिंह नदी किनारतिरै खसे पनि उर्लंदो काली भेलले बाँच्न पाएनन। 'केही परसम्म हामीहरूले जयसिंहलाई बगेको देख्यौं, केही तलसम्म खोज्न पनि गयौं तर भेट्टाउन सकेनौं,' प्रत्यक्षदर्शी विक्रम रङ्कलीले भने। लगत्तै गाउँलेलाई घटनाबारेमा जानकारी गराएपछि सबै स्थानीय जयसिंहलाई खोज्न महाकाली किनारतिर लागेको पनि उनले बताए।

घटनाबारे केहीबेरमै दुम्लिङ प्रहरी चौकीमा खबर भएको थियो। दुम्लिङ र सुन्सेरा चौकीबाट प्रहरी तथा दुम्लिङ बीओपीका सशस्त्र प्रहरी र स्थानीय खोजीमा जुटेका थिए। तर, मध्यरातसम्म पनि कतै केही पत्तो लागेको छैन। घटनालगत्तै नेपाल प्रहरीले पारिका प्रहरीलाई पनि खबर गरेको थियो। जयसिंहभन्दा अघि तरेर गएका तीन जनालाई केहीबेर नियन्त्रणमा लिएर एसएसबीले पाङ्लास्थित पोस्टमा राखेको थियो। पछि उनीहरूलाई छाडिसकेको छ। तर, उनीहरूसँग संवाद हुन सकेको छैन।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी प्रहरी निरीक्षक नरेन्द्रबहादुर चन्दले जयसिंह महाकाली नदीमा बेपत्ता भएको यकिन भए पनि घटना कसरी भयो भन्नेबारे अनुसन्धान भइरहेको बताए। 'एसएसबीले तुइन काटिदिएकाले महाकालीमा खसेर उनी बेपत्ता भएको स्थानीयको भनाइ छ, तर कतिपयले एसएसबीले तुइन काट्दा जयसिंह महाकालीमा खसिसकेको बताइरहेका छन्,' चन्दले भने, 'यो विषयमा विस्तृत अनुसन्धानपछि मात्र प्रस्ट भन्न सकिन्छ।'

त्यस्तै सशस्त्र प्रहरी बल नेपाल हेडक्वार्टर ४० नम्बर गण दार्चुलाका गणपति नरेन्द्रबहादुर बमले भारतीय एसएसबीका कमान्डेन्डसँग बुझ्दा मानिस तरिरहेकै अवस्थामा तुइन खोलेको हुन नसक्ने जवाफ आएको बताए। 'मानवीय संवेदनालाई मध्यनजर गर्दा यतिसम्म नगरेको होला भन्ने उनीहरूको भनाइ छ,' उनले भने, 'तुइन तरिरहेकै अवस्थामा उनीहरूले पनि नकाट्नुपर्ने हो तर यकिन हुन सकेको छैन।' तर, न्यूनतम मानवीय संवेदना पनि नराखी गराएको यो घटना लुकाउन प्रयास भएको भन्दै स्थानीय बासिन्दाले सत्यतथ्य अनुसन्धान गर्न र एसएसबीका सुरक्षाकर्मीलाई कारबाही गर्न माग गरेका छन्। नदी तर्दातर्दै तुइन काट्ने भारतीय सीमा सुरक्षा बल एसएसबीका सुरक्षाकर्मीलाई कारबाहीको माग राख्दै स्थानीयले जिल्ला प्रशासन कार्यालयमा निवेदनसमेत दिएका छन्। जयसिंहले तुइन तर्दै गर्दा पोसाक र हतियारसहित आएका एसएसबीले तुइन काटेको लिखित दाबी उनीहरूको छ।

'बाँच्न पाउने मानव अधिकार, न्यूनतम मानवीय मूल्यमान्यता र नेपाल-भारत सीमा क्षेत्रमा चलिआएको व्यावहारिक सम्बन्धलाई चुनौती दिँदै तुइन तरिरहेको अवस्थामा काटेर जिउँदै नदीमा बगाएको हुँदा उक्त पाशविक घटनामा संलग्न एसएसबीलाई कारबाही गर्न प्रशासनलाई आग्रह गर्दछौं,' निवेदनमा भनिएको छ।

जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतीय प्रशासनलाई पत्र पठाउँदै घटनाको छानबिन गर्न आग्रह गरेको छ। 'महाकाली तरेर भारततर्फ पुग्ने क्रममा एसएसबीले तुइनको डोरी खोल्न खोजेपछि पानीले धामीलाई बगाएको भन्ने कुरा आएको हुनाले घटनाबारे सत्यतथ्य जानकारी गराएर कारबाही अगाडि बढाइदिन अनुरोध छ,' प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले पिथौरागढ डीएम कार्यालयलाई पत्राचार गरेका छन्।

यस्तै, बेपत्ता युवकका आफन्तले घटना छानबिनको माग गर्दै महाकालीपारि भारतको पाङ्ला थानामा पनि निवदेन दिएका छन्। पहिलेदेखि नै स्थानीयले घाट बनाएर वारपार गर्रिदै आएको ठाउँबाट महाकाली तरिरहँदा एसएसबीका जवानले तुइनको तार काटेकाले जयसिंह नदीमा खसेको उनीहरूको दाबी छ।

### घटना आपत्तिजनक : कांग्रेस

सत्तारुढ दल नेपाली कांग्रेसले महाकाली नदी तर्ने क्रममा भारतीय पक्षबाट तुइन काटिदिएपछि नेपाली युवक बेपत्ता भएको घटनालाई दुःखद्, अमानवीय र आपत्तिजनक भनेको छ। प्रवक्ता विश्वप्रकाश शर्माले शुक्रबार विज्ञप्ति जारी गरी घटनाको सम्पूर्ण वास्तविकता सार्वजनिक गर्न, भारतीय पक्षसँग यसबारेमा संवाद गर्न र आफ्ना नागरिकलाई न्याय दिलाउन सरकारसँग माग गरेका छन्।

### महाकालीमा मात्रै ११ तुइन

२०७२ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पदभार ग्रहण गरेकै दिन दुई वर्षभित्र तुइनमुक्त देश बनाउने घोषणा गरेका थिए। विडम्बना, दार्चुलाका बासिन्दाको जीवन अहिले पनि तुइनमै छ। गत जेठमा सार्वजनिक आर्थिक सर्वेक्षणअनुसार अझै १४ वटा तुइन सञ्चालनमा छन्।

महाकाली पारि जाने ११ तुइन विस्थापन गर्न नेपालले प्रस्ताव गरे पनि भारतले चार ठाउँमा मात्र सहमति दिएको थियो। सुरक्षा संवेदनशील क्षेत्र भन्दै भारतले व्यास गाउँपालिकाको वडा २ मालघाट, वडा ४ मल्घट्या र वडा ६ को बडूगाउँ तथा मालिकार्जुन गाउँपालिका-६ को बाकुमा झोलुङ्गे पुल बनाउन अनुमति दिएको थियो। बडूगाउँको पुल निर्माण अन्तिम चरणमा पुगेको र बाकुमा आधाजति पुल निर्माण भएको छ। मल्घट्यामा २० प्रतिशत पनि काम भएको छैन।शुक्रबार घटना भएको मालघाटमा शिलान्यासपछि कामै रोकिएको छ।

मालघाट पुल ठेक्का पाएका एमाले नेता धनबहादुर कुँवरमाथि प्रशासनले कुनै कारबाही गरेको छैन। 'बजेट आयो, ठेक्का पनि लाग्यो तर शिलान्यासपछि कुनै काम भएको छैन,' स्थानीय नरेन्द्रसिंह धामीले भने।

# सिन्धुपाल्चोकमा फेरि बाढी, प्रहरी चौकी विस्थापित, केही घरमा क्षति

काठमाडौं। सिन्धुपाल्चोकको मेलम्चीमा गएराति फेरि बाढी आएको छ। बाढीले केही घरमा क्षति पुर्‍याएको छ भने तालामाराङको प्रहरी चौकी विस्थापित भएको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका डिएसपी प्रकाश सापकोटाले लेदो माटोसहितको बाढीले केही घरमा क्षति पुगेको र केही घरमा पानी पसेको बताए। तालामाराङ प्रहरी चौकीमा बाढीको पानी पसेपछि नजिकैको अर्को भवनमा सरेको जानकारी उनले दिए।



गएरातिको बाढीले रेडियो मेलम्चीको भवन बगाएको पत्रकार दिनेश थापाले जानकारी दिए। रातो पुलको माथिबाट पानी बगेको उनले बताए। गत असार १ गते आएको बाढी पुल माथिबाट बगेको थिएन।

हेलम्बु गाउँपालिका-१ हेमाथाङ्का चौरमा पहिरो गएर केहीबेर थुनिएपछि बाढी आएको अनुमान गरिएको डिएसपी सापकोटाले बताए। चनौटे बजारको बीच भागबाटै पानी बगेको छ।

यसअघि असार १ गते आएको बाढीले पनि हेलम्बु र मेलम्ची लगायतमा ठूलो क्षति पुर्‍याएको थियो। सो बाढीका कारण ५ जनाको मृत्यु भएको थियो भने १५ जना अझै बेपत्ता छन्।

बाढीपहिरो पीडितहरू बिस्तारै सामान्य अवस्थामा फर्किँदै गर्दा गएराति फेरि बाढी आएपछि उनीहरू थप समस्यामा परेका छन्। यसअघिकै स्थानबाट अहिले पनि लेदो माटोसहितको बाढी बगेको स्थानीयले बताएका छन्।

# ४१ करोड उठाउन उखु किसान फेरि काठमाडौंमा



काठमाडौं। सर्लाही र नवलपरासीका उखु किसान फेरि काठमाडौं आएका छन्। सरकारसँग गरेको सहमतिअनुसार ४१ करोड रूपैयाँ बक्यौता उठाउन सरकारी निकायले चासो नदिएकाले ताकेता गर्न काठमाडौं आएको उखु किसान संघर्ष समिति, सर्लाहीका अध्यक्ष रामस्वार्थ रायले जानकारी दिए। 'हाम्रो हिसाबअनुसार ६ वटा मिलबाट ४१ करोड बक्यौता लिनु छ,' उनले भने, 'यो रकम ५ भदौसम्म उठाइदिन सरकारसँग माग राख्छौं। त्यो वेला नउठे हामी बाध्य भएर फेरि आन्दोलनमा जानेछौं।' उखु किसानहरूले गत वर्ष २८ मंसिरदेखि १३ पुससम्म काठमाडौंको माइतीघरमा आन्दोलन गरेका थिए।

त्यतिवेला ८९ करोड ४० लाख बक्यौता उठाउन नसकेपछि काठमाडौंकेन्द्रित आन्दोलन गरेका थिए। रौतहटको श्रीराम सुगर मिलले ३५ करोड, सर्लाहीको अन्नपूर्ण सुगर मिलले ३० करोड र महालक्ष्मी सुगर मिलले ६ करोड तथा नवलपरासीको लुम्बिनी चिनी मिलले १० करोड, इन्दिरा चिनी मिलले ८ करोड र बागमती खाँडसरी चिनी मिलले ४० लाख रूपैयाँ भुक्तानी बाँकी रहेको किसानहरूको तथ्यांक थियो।

काठमाडौंको माइतीघरमा किसानहरूले ९० करोड बक्यौता असुलीका लागि दिनहुँ धर्ना दिएपछि सरकारले चिनी उद्योगीसँग छलफल गरेको थियो। उद्योगीसँग तथ्यांक लिएर उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले किसानहरूको ६६ करोड मात्र बक्यौता रहेको जनाएको थियो। त्यसपछि सोही ६६ करोड उठाउन किसानसँग तत्कालीन उद्योगमन्त्री लेखराज भट्ट, गृहमन्त्री रामबहादुर थापा, कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र प्रवक्ता विश्वप्रकाश शर्मालगायत सडकमै पुगेका थिए।

किसानले दिनहुँ धर्ना दिन थालेपछि गृह मन्त्रालयले चिनी उद्योगीलाई बक्यौता तिर्न दबाब थियो। जसकारण २८ मंसिरदेखि १२ पुससम्म किसानहरूको ३३ करोड ५० लाख रूपैयाँ बक्यौता उठेको थियो। सरकारले ६६ करोड रूपैयाँको मात्रै तथ्यांक देखाउँदै थप रकम (३२.५० करोड) २१ दिनभित्र उठाइदिने दाबी गर्दै किसानसँग १३ पुसमा लिखित सम्झौता गरेको थियो। सो सम्झौताअनुसार थपिएको २१ दिनमा १२ करोड मात्रै उठेको थियो। थपिएको समय अवधिभर किसानहरूले आन्दोलन स्थगित गरे पनि किसान प्रतिनिधि काठमाडौंमै बसेर सरकारी अधिकारीहरूलाई दबाब दिइरहेका थिए। जसकारण उठ्न बाँकी रकम २०.५० करोड उठाउन जिल्ला प्रशासन कार्यालयहरू सक्रिय भएको थियो। यसमध्ये केही रकम उठेको किसान प्रतिनिधिले जनाएका छन्।

किसान र सरकारी तथ्यांकबीच बेमेल भएको २५ करोड (किसानले भनेको ९० करोड र सरकारले भनेको ६५ करोडबीचको अन्तर) रूपैयाँका विषयमा एउटा कार्यदल गठन गर्ने र त्यसबारे १ सय २० दिनभित्र निर्णय लिने सहमति भएको थियो। पाँचजना किसान सम्मिलित कार्यदल गठन भई सबै उद्योगमा स्थलगत निरीक्षणसमेत भएको थियो। यो विषयमा उद्योग मन्त्रालयले प्रतिवेदनसमेत बनाएको छ। तर, प्रतिवेदनबाट कुनै हल नदिएको किसानहरूको गुनासो छ।

### ६ मिलको ४१ करोड बक्यौता

उखु किसान संघर्ष समिति, सर्लाहीका अध्यक्ष रामस्वार्थ रायका अनुसार ६ मिलबाट किसानले ४१ करोड रूपैयाँभन्दा बढी पाउन बाँकी छ। सर्लाहीका किसानको तथ्यांकअनुसार महालक्ष्मी सुगर मिलले यो वर्षको समेत गरी १२ करोड रूपैयाँ र अन्नपूर्ण सुगर मिलले समेत १२ करोड भुक्तानी दिन बाँकी छ। त्यस्तै, रौतहटको श्रीराम सुगर मिलले ३.१४ करोड बक्यौता रहेको उखु किसानका संरक्षक राकेश मिश्रले जानकारी दिए।

त्यस्तै, नवलपरासीका उखु किसान गोपाल यादवका अनुसार लुम्बिनी चिनी मिलले ३ करोड, इन्दिरा सुगर मिलले ४ करोड र बागमती खाँडसरी चिनी मिलले ५० लाख रूपैयाँ तिर्न बाँकी छ। यी तीनवटै चिनी मिलले सरकारबाट अनुदान पाएर किसानलाई दिनुपर्ने ६५ रूपैयाँ प्रतिक्विन्टलको रकमबाट थप करिब ३ करोड रूपैयाँ पनि दिन बाँकी छ।

### कसरी पुग्यो ४१ करोड बक्यौता ?

गत वर्ष किसानले आन्दोलन गरेपछि सरकारले सम्बन्धित उद्योगीलाई धमाधम पत्राचार गर्दै बक्यौता तिर्न दबाब दिएको थियो। सबैभन्दा बढी बक्यौता रहेको श्रीराम सुगर मिल, रौतहटले सुरुमा पैसा नभएको र उद्योग परिसरको जग्गा बिक्री गरेर किसानलाई भुक्तानी दिने जानकारी दिएको थियो। विशाल ग्रूपको सो उद्योगले ३-४ वर्षको बक्यौता राखेको थियो।

देशको ठूलो समूहले सञ्चालन गरेको उद्योग विवादित बनेपछि जिल्ला प्रशासन कार्यालय, रौतहट पुगेर उद्योग व्यवस्थापनले रकम तिर्ने कार्यतालिका सार्वजनिक गरेको थियो। त्यसपछि हालसम्म ३२ करोड रूपैयाँ दिएको जनाएको छ। सो उद्योगले ३.१४ करोड रूपैयाँ दिन बाँकी छ। तर, यसको हिसाब भने हराएको भन्दै जिल्ला प्रशासन कार्यालय, रौतहटमा लिखित जानकारी गराएको उखु किसानका संरक्षक राकेश मिश्रले बताए। उखु किसानलाई सबैभन्दा बढी सताउने सर्लाहीका दुई ठूला उद्योग महालक्ष्मी सुगर मिल र अन्नपूर्ण सुगर मिल हुन्।

यसमध्ये धनकौल गाउँपालिकामा रहेको अन्नपूर्ण सुगर मिलले दुई वर्षअघि किसानको ४१ करोड रूपैयाँ तिर्नुको सट्टा उद्योग नै बन्द गरेर उद्योगी राकेश अग्रवाल फरार भएका थिए। दुई वर्षअघि तत्कालीन उद्योगमन्त्री मातृका यादवले गृह मन्त्रालयसँग समन्वय गरी प्रहरी परिचालन गर्दा अग्रवाल भारत पलायन भएका थिए। प्रहरीले निरन्तर खोजी गरेपछि उनी जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा हाजिर भई सबै पैसा चुक्ता गर्ने लिखित प्रतिबद्धता गरी छुटेका थिए। नवलपरासीमा उनको इन्दिरा सुगर मिल छ।

अग्रवालले ४१ करोड रूपैयाँमध्ये ११ करोड मात्रै दिएर थप रकम दिन आनाकानी गरेका थिए। त्यसपछि पुनः किसानले आन्दोलन गरेपछि उनले उद्योग मन्त्रालयमा हाजिर भई किसानलाई १७.५० करोड रूपैयाँ मात्र दिन बाँकी रहेको जानकारी दिए। डेढ महिनाअघि उनले विज्ञप्ति निकाले सबै किसानको बक्यौता चुक्ता गरेको दाबी गरेका छन्। तर, किसानले भने सो उद्योगबाट अझै १२ करोड लिन बाँकी रहेको जनाएका छन्।

'दुई वर्षअघिसम्म सरकारले प्रतिक्विन्टल ६५ रूपैयाँका दरले अनुदान रकम उद्योगीको खातामा पठाउँथ्यो। तर, अन्नपूर्ण सुगर मिलले किसानलाई प्रतिक्विन्टल ४२ देखि बढीमा ५४ रूपैयाँसम्म दिएर ठगी गरेको छ। यसको उचित हिसाब हुनुपर्छ,' उखु किसान संघर्ष समिति, सर्लाहीका सचिव हरिश्याम रायले भने, 'यति गरेर मात्र ४.८० करोड रूपैयाँ हामी किसानलाई ठगी गरेको हाम्रो हिसाब छ।' अन्नपूर्ण सुगर मिलले १६ लाख क्विन्टल उखु क्रसिङ गरेर यो सरकारी अनुदानको यो रकममा अनियमितता गरेको किसानको गुनासो छ।

त्यस्तै, सरकारले प्रतिक्विन्टल ४ सय ७१ रूपैयाँका दरले उद्योगले किसानलाई भुक्तानी दिनुपर्ने गरी उखुको समर्थन मूल्य तोकेको थियो। तर, अन्नपूर्ण मिलले ३६ रूपैयाँ कम अर्थात् प्रतिक्विन्टल ४ सय ३५ रूपैयाँका दरले मात्रै भुक्तानी दिएर ठगी गरेको संघर्ष समितिका अध्यक्ष रामस्वार्थ रायले बताए। उनले भने, 'तौलमा पनि हामीलाई धेरै ठगी गरेको छ। उखु जोख्दा प्रतिक्विन्टल १ किलो ह्रासकट्टी गर्न पाइने नियम छ। किनभने पातपतिंगर हुने तथा कहिले सुकेको उखु आएर कम रस आउने हुन्छ। तर, अन्नपूर्ण चिनी मिलले प्रतिक्विन्टल १० देखि २० किलोसम्म काटेर किसानलाई ठगी गरेको छ। यसको पनि हिसाब हुनु जरुरी छ।' उनका अनुसार १ सय किलो उखु जोख्दा उद्योगले ८०-९० किलोको मात्र पैसा दिएर ठगी गरेको छ।

त्यस्तै, गोडैता नगरपालिकामा रहेको महालक्ष्मी सुगर मिलले पनि किसानलाई गत वर्षसम्मको ६ करोड रूपैयाँ तिर्न बाँकी थियो। यो वर्ष उखु क्रसिङ गरेर आधा पैसा मात्रै दिएको रायले बताए। उनी भन्छन्, 'यो वर्ष पनि ६ करोडजति गरेर कुल १२ करोड रूपैयाँ महालक्ष्मी सुगर मिलले दिन बाँकी छ।' यो उद्योग नेपाली कांग्रेसको लुम्बिनी संसदीय दलका नेता वीरेन्द्र कनौडियाको हो। उनले सो मिल ०७५ मा कपिलवस्तुबाट सर्लाहीमा सारेर ल्याएका थिए। उनले सुरुकै वर्ष मिल सञ्चालन गर्दा किसानलाई प्रतिक्विन्टल ३६ रूपैयाँ कम दरले भुक्तानी दिएको रायले बताए।

'महालक्ष्मी सुगर मिलले अन्नपूर्णलाई पनि ठग्न सिकाएको हो,' संघर्ष समितिका अध्यक्ष रायले भने, 'यो मिलले समर्थन मूल्य ४ सय ७१ रूपैयाँ प्रतिक्विन्टल रहेकोमा जिल्ला प्रशासन कार्यालयमा समिति राजनीतिक दललाई बैठकमा राखेर सुरुको वर्ष नोक्सान हुन सक्ने भन्दै प्रतिक्विन्टल ३६ रूपैयाँ कमले किसानलाई भुक्तानी दिन सहमति गराएको थियो, यस्तो किसानविरोधी सहमति हामी मान्दैनौं,' रायले भने। महालक्ष्मीले पनि तौलमा १० देखि २० प्रतिशतसम्म ठगेको उनले बताए।

नवलपरासीको लुम्बिनी चिनी मिलले सरकारी अनुदानसहित ३ करोड रूपैयाँ दिनुपर्ने किसानको तथ्यांक छ। सो मिलले पनि चार सय ७१ रूपैयाँ प्रतिक्विन्टलका दरले नदिएर ३ सय ८५ रूपैयाँ प्रतिक्विन्टलले किसानलाई भुक्तानी दिएको राष्ट्रिय कृषि श्रमिक संघका महासचिव गोपाल यादवले बताए। उनी नवलपरासीका उखु किसान हुन्। 'सरकारले तोकेभन्दा प्रतिक्विन्टल ८६ रूपैयाँ कमका दरले भुक्तानी दिएर सो मिलले करिब २ करोड रूपैयाँ अझै दिन बाँकी छ,' यादवले भने, 'त्यस्तै सरकारी अनुदानबापतको रकम पनि १ करोड रूपैयाँभन्दा बढी बक्यौता छ।'

त्यस्तै, नवलपरासीमै रहेका इन्दिरा सुगर मिलले ४ करोड रूपैयाँ बक्यौता दिन बाँकी रहेको यादवले बताए। अघिल्लो वर्षको बक्यौता र सरकारी अनुदानसमेत नदिएर यो रकम बाँकी रहेको यादवले बताए। यो उद्योग पनि राकेश अग्रवाल हो। सोही जिल्लाको बागमती खाँडसरी मिलले किसानको ५० लाख रूपैयाँ दिन बाँकी छ। यो वर्ष सरकारले उखुको न्यूनतम समर्थन मूल्य ७.७७ रूपैयाँ वृद्धि गरेको थियो। वृद्धि भएको रकमको सट्टा पुरानै मूल्यमा किसानलाई उखुको भुक्तानी दिएकाले ५० लाख बक्यौता रहेको यादवले जानकारी दिए।

# विश्वदृष्टिकोणमा रुपान्तरण नहुँदा रूस, चीनमा भयो प्रतिक्रान्ति

## *रुस, चीन, भियतनाम लगायतका देशहरूमा प्रतिक्रान्ति भए पछि आज संसारका कुनै पनि मुलुकमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था छैनन्*



● हस्तबहादुर केसी ●

'विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै थोकको निर्धारण गर्दछ । जब पार्टीको कार्यदिशा सही हुन्छ त्यो बेला सबै चीज प्राप्त हुन्छ, यदि अनुयायीहरू छैनन् भने ती पनि प्राप्त हुन सक्छन् । यदिबन्दुकहरू छैनन् भने पनि ती पनि प्राप्त हुन सक्छन्, यदि राजनीतिक सत्ता छैन भने त्यो पनि प्राप्त हुन सक्छ, यदि यसको कार्यदिशा गलत छ भने भएका पनि सबै गुम्छन् । कार्यदिशा भनेको जालको डोरी हो जब यो तानिन्छ पुरै जाल खुल्दछ ।' - माओ त्सेतुङ

रुस, चीन, भियतनाम लगायतका विश्वका समाजवादी देशहरूमा प्रतिक्रान्ति भयो । किन भयो ती समाजवादी देशहरूमा प्रतिक्रान्ति ? यसका मुख्य मुख्य कारणहरू के हुन् ? आदि प्रश्नहरू उठिरहन्छन् । यस विषयमा केही कुरा प्रष्ट हुन जरुरी हुन्छ ।

यस परिघटनाले विश्व कम्युनिस्ट आन्दोलन र विश्व समाजवादी शिविरमाथि गंभीर प्रकारको धक्का लाग्यो । त्यस यता आज विश्वमा एउटा पनि देशमा वैज्ञानिक समाजवादी देश सञ्चालनमा छैन । ती समाजवादी देशहरूमा भएको प्रतिक्रान्तिले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुर्यायो भने विश्व जनसमुदायलाई पनि निरास मात्र तुल्याएको होइन, त्यस पछि विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा पुर्याई दियो । आजसम्म त्यो स्थिति कायमै छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र ती देशहरूमा भएको प्रतिक्रान्ति किन भयो ? कसरी भयो ? कसको कम्जोरिले भयो ? भन्ने बारेमा प्रसस्त मात्रामा समिक्षा नभएको होइन । तर पनि यस लेखमा मैले ती भूपू समाजवादी देशहरूमा भएका प्रतिक्रान्तिहरूका विषयमा मुख्य समस्या कहाँ थियो र त्यसलाई सम्बन्धित देशका कम्युनिस्ट पार्टीहरू र आम जनताले समयमै कमीकमजोरीहरू पत्ता लगाााउने र रोक्नै पर्ने काम किन हुन सकेन र त्यसको मूल जरो कुन थियो र त्यसलाई समयमै फ्याक्न किन पहल भएन ? ती देशहरूमा कसरी प्रतिक्रान्तिहरू भए त ? भन्ने विषयमा ध्यान केन्द्रित गर्ने कोसिस गर्ने छु ।

***(१) रुस, चीन, भियतनाम लगायतका देशहरूमा भएका गौरवपूर्ण क्रान्तिहरू :***

सामन्तवादीहरू तथा पुँजीवादीहरूको मुटुमा ढ्याङ्गो ठटाउदै रुसमा जारशाहीको सत्ता, चीनमा च्याङकाइसेको तननाशाही सत्ता, भियतनाम र कोरियामा सामन्तवादी राज्यसत्ता, कम्बोडिया तथा क्युवाका प्रतिक्रियावादी सत्ताहरूलाई ध्वस्त पार्दै ती देशहरूमा क्रान्ति सम्पन्न गरिए र सर्वहारा वर्गको अधिनायकत्व स्थापना गरियो ।

सन १९१७ अक्टोबर २५ ( रुसी नयाँ पात्रो अनुसार ७ नोभेम्बर ) महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरियो । सन १९४५ मा उत्तरी भियतनाम र उत्तर कोरियामा जनवादी क्रान्तिहरू सम्पन्न गरियो । त्यस्तै सन १९४९ अक्टोबर १ का दिन महान् चिनिया नयाँ जनवादी क्रान्ति सम्पन्न गरियो । सन १९५९ मा क्युवामा पनि क्रान्ति सम्पन्न भयो ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सन १८४८ मा कार्ल मार्क्स (१८१८ - १८८३) र फ्रेडरिक एंगेल्सद्वारा कम्युनिस्ट घोषणापत्र जारी गरि मार्क्सवाद र मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको प्रतिपादन गरे पश्चात् जब विश्व सर्वहारा वर्गले आफ्नो मुक्तिको सैधेदान्तिक हतियार मार्क्सवाद र मार्क्सवादी दर्शन प्राप्त गर्यो, सन १९६४ मा मार्क्सकै नेतृत्वमा पहिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय बन्यो, त्यसपछि सन १८७१ मा सम्पन्न भएको पेरिस कम्युनको निर्माण र ७२ दिन पछि भएको प्रतिक्रान्ति पछिको पहिलो ऐतिहासिक एवं युगान्तकारी परिघटना थियो सन १९१७रुसी अक्टोबर समाजवादी क्रान्ति । महान् रुसी अक्टोबर समाजवादी क्रान्ति एक ऐतिहासिक र युगान्तकारी परिघटना थियो, मक्किसकेको र साम्राज्यवादमा पतन भइसकेको पुँजीवादी राज्य व्यवस्थालाई अन्त्य गरेर मानव जातिकै इतिहासमा पहिलोपटक सर्वहारा वर्गको अधिनायकत्व स्थापना गरेको थियो ।

त्यसको सकारात्मक प्रभाव संसार भर पर्न गयो । त्यस पछि संसारका विभिन्न देशहरूमा कम्युनिस्ट पार्टीहरू स्थापना गरिए। पूर्वी युरोपका २० औ देशहरूमा सोभियत मोडलको समाजवाद लागु गरियो । चीन, कोरिया, भियतनाम आदि देशहरूमा क्रान्ति सम्पन्न भए पछि विश्व जनसंख्याको ठूलो हिस्सा कम्युनिस्ट पार्टी अर्थात् समाजवादी शासनको झण्डामुनि गोलबन्द हुन पुग्यो । तर रुस, चीन, भियतनाम लगायतका देशहरूमा प्रतिक्रान्ति भए पछि आज संसारका कुनै पनि मुलुकमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था छैनन् ।

सन् १९५६ देखि सोभियत मोडलको समाजवाद भित्र आधुनिक संशोधनवादीहरूबाट प्रतिक्रान्ति भई पुँजीवादको स्थापना हुन पुग्यो भने सन १९७६ सेप्टेम्बर ९ मा कमरेड माओको निधन पश्चात् चीनमा प्रतिक्रान्ति भएर पुँजीवादको स्थापना भयो । त्यसपछि अन्य समाजवादी मुलुकहरूमा पनि प्रतिक्रान्ति भए र समाजवाद अस्थायो । यसले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई ठूलो धक्का पुर्यायो ।

(१) विश्वदृष्टिकोणमा रूपान्तरण नहुँदा भयो प्रतिक्रान्ति

किन र कसरी भयो रुस, चीन लगायतका समाजवादी देशहरूमा प्रतिक्रान्ति ? त्यसको मुख्य कारण के हो ? त्यस प्रतिक्रान्तिलाई किन रोक्न सकेनन् ती देशका कम्युनिस्ट पार्टीहरू र जनताले ?

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र सधैं उठ्ने गरेका यी प्रश्नहरू ज्यादै महत्वका रहेका छन् । यसको भित्री र बाहिरी कारणहरू के के होलान् ? यो सधैंजसो उठ्ने प्रश्न हो ।

मार्क्सवादी द्वन्द्ववादको नियमानुसार हरेक बस्तुको उत्थान र पतनको मुख्य कारण आन्तरिक नै मुख्य हुन्छ र बाहिरी कारण उसको सहायक कारण हुन्छ । रुस, चीन लगायतका देशहरूमा प्रतिक्रान्ति हुनुका प्रमुख कारण आन्तरिक कारणहरू रहेका छन् बाहिरी कारणहरूले सहयोगीको भूमिका खेलेका थिए । अर्थात् रुस, चीन समेतका समाजवादी देशहरूमा प्रतिक्रान्ति हुनुमा ती देशहरूका कम्युनिस्ट पार्टीहरूको मुख्य नेतृत्वमा रहेकाहरूमा नेताहरूबाट भएको आन्तरिक वैचारिक,सैध्दान्तिक, दार्शनिक तथा विचारगत कम्जोरीका कारणहरू नै प्रमुख रहेका छन् ।

रुसमा सन १९५३ मा कमरेड स्टालिनको मृत्यु भयो । त्यस पछि निकिता ख्रुश्चोव राज्यप्रमुख भएर आए । सन १९५६ को फेब्रुअरीमा अखिल संघीय कम्युनिस्ट पार्टी ( बोल्सेविक ) को बीसौं महाधिवेशनको आयोजना गरिएको थियो । उक्त महाधिवेशन सम्पन्न हुँदैगर्दा तत्कालीन राज्यप्रमुख निकिता ख्रुरुश्चोवद्वारा फेब्रुअरी २४ - २५ तारिखको मध्यरातमा कमरेड स्टालिनका विरुद्धमा एक विश्वचर्चित सेक्रेट रिपोर्ट ( गोप्य प्रतिवेदन ) पेस गर्दै पुँजीवादी ( संशोधनवादी ) कार्यक्रम पेस गरेका थिए । र ख्रुश्चोवबाटै आधुनिक संशोधनवादको सूत्रपात गरियो । उनले सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिध्दान्त अवलम्बन गर्दै तथा वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादको स्थापना गरियो ।

निकिता ख्रुश्चोव, लिओनिद ब्रेजनेभ हुँदै मिखाइल गोर्भाचोवसम्म पुगेर सन १९९० मा सोभियत मोडलको समाजवाद विधिवत रूपमा पतन भयो ।

निकिता ख्रश्चोवलाई आधुनिक संशोधनवादका पिता भनिन्छ । उनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र आधुनिक संशोधनवादको विजारोपन गरेका थिए । त्यसले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अपुरणीय क्षति पुर्यायो । ख्रुश्चोवी आधुनिक संशोधनवादका विरुद्ध कमरेड माओले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र महान् बहस सञ्चालन गर्नु भयो ।

रुसमा प्रतिक्रान्ति हुनुमा रसियन कम्युनिस्ट पार्टी (बोल्सेविक) भित्रको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु नै प्रमुख कारण बन्न पुग्यो । बोल्सेविक पार्टीको केन्द्रीय नेतृत्वमा विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु, पार्टीको मार्गदर्शन सिध्दान्त मार्क्सवाद - लेनिनवादका आधारभूत सिध्दान्तलाई परित्याग गर्दै जानु प्रमुख रहेका थिए ।

सन १९२४ मा लेनिनको मृत्यु पछि पार्टी सञ्चालन र सोभियत समाजवादी व्यवस्था सञ्चालनको जिम्मा कमरेड स्टालिनको काँधमा आयो । उहाँकै पालामा सन १९३९ देखि १९४५ सम्म दोस्रो विश्व युध्द चल्यो । त्यस बखत रुसमा राष्ट्रियताको सवाल मुख्य बन्न गयो ।

दोस्रो रुसको समयमा रुसमाथि जर्मन हिटलरी आक्रमण मुख्य बन्यो । हिटलरी साम्राज्यवादका विरुद्ध लड्नका स्टालिनले सन १९४३ मा तेस्रो अन्तर्राष्ट्रियलाई विघटन गरेर अमेरिका समेतलाई संलग्न गरेर संयुक्त मोर्चा निर्माण गर्नु भयो । यी कार्यमा लाग्नु परेको कारणले पार्टी भित्रको वैचारिक काम गौण बन्द गयो । पार्टी स्कुलिङ समाप्त हुन गयो, जसले गर्दा पार्टी भित्रको वैचारिक स्तर भुत्ते बन्न पुग्यो ।

सन १९५३ मा मृत्यु भयो । त्यस पश्चात् पार्टी र राज्यको प्रमुख बन्न पुगेको निकिता ख्रुश्चोवबाट सन १९५६ फेब्रुअरी २४ - २५ मा पुगेर रुसमा संशोधनवादको विजारोपन गरियो ।

यसरी पार्टी भित्र वैचारिक धरातल भुत्ते हुँदै गएको मौका छोपेर पार्टीको मुख्य नेतृत्व र राज्यको नेतृत्वमा पुगेको ख्रुश्चोव उदाउने र मौलाउने मौका पायो ।

अर्को कुरा रुसमा जनतालाई क्रान्तिकारी रूपान्तरण गर्ने काममा पनि पहिले पार्टीले ध्यान पुर्याउन सकेन । पार्टीले जनतालाई मार्क्सवाद - लेनिनवादका आधारभूत सिध्दान्त र मान्यताहरू प्रति स्कुलिङ गर्ने, जागरुक गराई राख्ने काम भएन । जसले गर्दा रुसी समाजवादमाथि ख्रुश्चोवी संशोधनवादीहरूले भीषण हमला गरिरदासम्म पनि जनता चुपचाप रहन गए । विचारविनाका जनता चुपचाप रहनु स्वाभाविक बन्न गयो ।

यसरी पार्टीको नेतृत्व पंक्तिमा विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु नै महान् अक्टोबर क्रान्तिबाट निर्माण गरिएको समाजवाद, लेनिन - स्टालिनहरूले अगाडि बढाएको रुसी मोडलको समाजवाद गर्ल्यामगुर्लम ढल्न पुग्यो ।

त्यस्तै कमरेड माओको नेतृत्वमा सन १९४९ अक्टोबर १ मा सम्पन्न महान् चिनिया नयाँ जनवादी क्रान्तिद्वारा निर्माण भएको महान् चीनको समाजवाद पनि सन १९७६ सेप्टेम्बर ९ का दिन कमरेड माओको मृत्यु भएको ठिक एक पछि अर्थात् सन १९७६ अक्टोबर ६ का दिन ग्याङ अफ फोरका ४ जना नेताहरू च्याङ्ग चुन चियाओ, वाङ्ग हुंग वेन, याओ वेन - युवान र चियाङ चिंगलाई गिरफ्तार गरि जेलमा कोचेर संशोधनवादी देङ ग्रूपले चिनिया समाजवादमाथि भीषण हमला गरेर प्रतिक्रान्ति गर्यो र चीनमा पुँजीवादको स्थापना गर्यो ।

चीनमा पनि सन १९५६ मा चिनिया कम्युनिस्ट पार्टीले आयोजना गरेको आठौं महाधिवेशनमा ख्रुश्चोवका इमानदार चेलाहरू ल्यू शाओ चि र देङ श्याओ पिङ ' बिरालो कालो हुनु र सेतो हुनुले फरक पार्दैन मुसा मारे भो ' भन्दै पुँजीवादी कार्यदिशा घुसाए पछि प्रतिक्रान्तिको विजारोपन गरियो ।

चिनिया कम्युनिस्ट पार्टीको मुख्य नेतृत्व र समाजवाद भित्र यसरी घुस्न पुगेका ख्रुश्चोवका असली चेलाहरू ल्यू शाओ चि, देङ श्याओ पिङहरूको जन्म हुनुको पछाडि चिनिया कम्युनिस्ट पार्टीको नेतृत्व भित्र विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै कारण पार्टी भित्र वर्गउत्थान हुन पुग्यो । र, त्यसले चीनमा प्रतिक्रान्ति बनाई छाड्यो ।

चिनिया कम्युनिस्ट पार्टी भित्र क्रान्ति सम्पन्न भएको छोटै अबधिमा वर्गउत्थान हुनु र त्यसले चिनिया समाजवादमाथि प्रतिक्रान्ति गर्न सफल हुनुमा केन्द्रीय नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु जसरी मुख्य कारण बन्न पुग्यो, त्यसको पछाडिको अर्को मुख्य कारण के हो भने क्रान्ति पश्चात पार्टीको सम्पूर्ण ध्यान मुलुकको नयाँ निर्माणमा लाग्नु, मुलुकको हर क्षेत्रमा जनवादीकरणको अभियानमा लाग्नु, जसले गर्दा पार्टी काम र पार्टी भित्रको वैचारिक कार्यलाई कम महत्व दिनु, पार्टी भित्र पार्टी स्कुलिङको कामलाई स्थगन गर्नु, मुख्यतः पार्टीले वैचारिक कामलाई गौण विषय बनाउने र राज्यको कामलाई बढी महत्व दिने जुन काम भयो, त्यसले कमरेड माओको आमने सामने उभिएर हाकाहाकी प्रतिक्रान्तिकारीहरूलाई प्रतिक्रान्तिको कार्य गर्न सफल मात्र भएनन्, हुर्कने र मौलाउने मौका पाए ।

त्यस परिस्थितिमा कमरेड माओले एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको गहन अध्ययन र अर्कोतिर स्वयं चीन मै जटिल बन्दै गइरहेको पुँजीवादक पुनर्स्थापना रोक्नका लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर जारी राख्ने सिध्दान्त प्रतिपादन गरि सन १९६६ देखि १९७६ सम्म महान् १० वर्षे सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो ।

नेपालमा पनि २०२८ सालमा विष्फोट भएको ऐतिहासिक झापा विद्रोहबाट अगाडि बढेर माले - एमाले बन्ने क्रममा वर्गउत्थान हुन पुग्यो र एमालेको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै कारण एमाले दक्षिणपन्थी संशोधनवादी बाटो हुँदै प्रतिक्रियावादमा पतन मात्र भएन घोर प्रतिक्रियावादी सरकार सञ्चालन गर्नसम्म पुग्यो ।

त्यस्तै २०५२ साल फागुन १ गतेदेखि शुरु भएको महान् १० वर्षे सशस्त्र जनयुद्धको नेतृत्व गरेर आएको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) को मुख्य नेतृत्व पनि विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसके कै कारण र मालेमावादका आधारभूत सिध्दान्त र मान्यताहरूलाई परित्याग गरि नवसंशोधनवादको बाटो हुदै विजातीय तत्वमा विलय मात्र भएन घोर प्रतिक्रियावादी सरकारमा समेत सामेल हुन पुग्यो । र महान् नेपाली क्रान्तिप्रति गध्दारी गर्न पुग्यो । र, नेपाली जनतालाई गंभीर प्रकारको धोका दिन पुग्यो । अतः नेपाली क्रान्तिप्रति प्रतिक्रान्ति हुनुको प्रमुख कारण क्रान्तिकारी आन्दोलनको नेतृत्व गरेको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै हो ।

रुस, चीन, भियतनाम लगायतका देशहरूका कम्युनिस्ट पार्टीकोल मुख्य नेतृत्व क्रान्ति पछि मुलुकलाई समाजवादीकरण गर्ने प्रक्रियामा, कम्युनिस्ट पार्टीले सरकार सञ्चालन गरिरहे कै अवस्थामा प्रतिक्रान्ति भएको इतिहास छ भने नेपालमा त क्रान्ति सम्पन्न नहुदै मुख्य नेतृत्वबाट प्रतिक्रान्तिका परिघटनाहरू घट्न पुगेका छन्, जसले महान् नेपाली क्रान्तिलाई गंभीर प्रकारको क्षति पुर्याउदै आएको छ ।

नेपाली कम्युनिस्ट आन्दोलन भित्र रहेका कम्युनिस्ट पार्टीको नेतृत्वतहमा पनि विश्वदृष्टिकोणमा रूपान्तरणका समस्याहरू ज्यूउँकातिउँ छन् । त्यसैले क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू र क्रान्तिकारी कम्युनिस्टहरूले वैचारिक संघर्षलाई तेजका साथ अगाडि बढाइरहन जरुरी छ ।

***(२) विश्वदृष्टिकोणमा रूपान्तरणका लागि नयाँ ढंगको कम्युनिस्ट पार्टी आवश्यक***

कम्युनिस्ट पार्टी सर्वहारा वर्गको संगठित अग्रदस्ता भएको र देश जनताको मुक्तिको नेतृत्व गर्ने शक्ति भएको र मार्क्सवाद - लेनिनवाद - माओवादवादको पथप्रदर्शनमा सञ्चालन हुने पार्टी भएकोले विश्वदृष्टिकोणमा रूपान्तरणका लागि नयाँ ढंगको क्रान्तिकारी कम्युनिस्ट पार्टी आवश्यक भइरहन्छ ।

समाज बदल्ने, दुनियाँ बदल्ने ऐतिहासिक अभिभारा बोकेको हुनाले कम्युनिस्ट पार्टीको नेतृत्व मालेमावादको सिध्दान्त र त्यसको आधारभूत सिध्दान्तहरूबाट लैस भएको, त्यसका नेता कार्यकर्ताहरू अब्बल दर्जाका क्रान्तिकारी हुनैपर्छ । फलामे अनुशासनले बाँधिएका र विश्वदृष्टिकोणमा रूपान्तरण भएको हुनैपर्छ । त्यसो भए पछि मात्र उनीहरूबाट प्रतिक्रान्तिलाई रोक्ने कार्य एकहदसम्म सफल हुन सक्छ ।

रुस, चीन लगायतका देशहरूका कम्युनिस्ट पार्टी नेतृत्वमा आएको वैचारिक ह्रासका कारण ती देशहरूमा छिटो प्रतिक्रान्ति भएको हो ।

यसका अतिरिक्त पार्टी नेतृत्वले जनवादी केन्द्रीयताको सिध्दान्त ( लेनिनवादी संगठनात्मक सिध्दान्त ) अंगिकार गर्ने र लागु गर्ने काममा प्रतिबद्ध नहुनु, लामो समयसम्म नेतृत्वमा रहिरहनु, नेतृत्व निरंकुश बन्दै जानु, पार्टी नेतृत्वले पार्टी भित्र वर्गउत्थानलाई रोक्नका लागि मालेमावादी सिध्दान्त र पध्दतिबाट पार्टी चिप्लिनु, पार्टी नेतृत्व चिन्तनका दृष्टिकोणले अधिभूतवादी बन्दै जानु जस्ता मार्क्सवादी कम्जोरीका कारण पनि ती देशहरूमा प्रतिक्रान्तिकारी तत्वले पार्टी भित्र घुम्ने र मौलाउने मौका पायो ।

***(३) विश्वदृष्टिकोणमा रूपान्तरणमा पार्टी स्कुलिङको आवश्यकता***

आम पार्टी पंक्तिलाई, अर्थात् कम्युनिस्ट पार्टीको नेतृत्व र कार्यकर्ताहरूलाई क्रान्तिकारी बनाइराख्नका लागि पार्टी स्कुलिङलाई पार्टीले पार्टीको अनिवार्य आवश्यकता र योजना बनाएर नियमित र वैज्ञानिक ढंगले स्कुलिङ सञ्चालन गरिरहनुपर्ने हुन्छ । लेनिन, माओ, हो चि मिन्हहरूले पार्टी भित्र पार्टी जुन स्कुलिङ सञ्चालन गर्नुभएको थियो, त्यसले पार्टी पंक्तिलाई क्रान्तिकारी बनाइराख्ने काममा ठूलो मद्दत गर्दछ ।

लेनिन, माओ, होचि मिन्ह, आदि विश्व कम्युनिस्ट आन्दोलनका जग्रज नेताहरूले पार्टी स्कुलिङ सञ्चालन गरेका कारण पार्टी क्रान्तिकारी थिए र ऐतिहासिक उपलब्धिहरू हासिल गर्न पनि सफल भएका थिए । लेनिन र स्टालिनको मृत्यु पश्चात् सोभियत रुसमा प्रतिक्रान्ति भयो । त्यसको एउटा कारण पार्टी स्कुलिङलाई सिथिल तुल्याउनु पनि थियो ।

चीनमा नयाँ जनवादी क्रान्तिको सफलता पछि पार्टी स्कुलिङको कामलाई गौण बनाउँदै लगिएको अवस्थामा पार्टी पंक्ति भित्र वैचारिक स्तर कम्जोर भएको मौका छोपेर पार्टी भित्र प्रतिक्रान्तिकारीहरू पार्टी भित्र पार्टी विरुद्ध धावा बोल्न सफल भएका थिए ।

पछि कमरेड माओले पार्टी स्कुलिङ कम्जोर र भुत्ते भएको ठहर गरेर सन १९६३ मा १६ बुँदे शैक्षिक सर्कुलर जारी गरेर देशव्यापी रूपमा पठाउनु भयो । सन १९६६ देखि १९७६ सम्म त कमरेड माओले आफ्नै नेतृत्वमा महान् चिनिया सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो ।

***(४) नेपाली कम्युनिस्ट आन्दोलन भित्र विश्वदृष्टिकोणमा रूपान्तरणको समस्या***

सर्वविधितै कुरा हो, नेपाली कम्युनिस्ट आन्दोलनले ७२ वर्ष पार गरिसक्यो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास धेरै लामो र समृद्धशाली पनि छ । यस आन्दोलनले यस ऐतिहासिक अबधिमा जनआन्दोलन, जनसंघर्ष,वर्ग संघर्ष, सशस्त्र जनयुद्धका जटिल, उकाली ओराली, बाङ्गाटिङ्गा घुम्तीहरू पार गर्दै आएको छ ।

अवश्यै यो आन्दोलन क्रान्तिकारी धारा र संशोधनवादी धाराका बीचको भीषण दुई लाइन संघर्ष, अन्तःसंघर्षका क्रममा विकसित भएर आज यहाँसम्म आइपुगे छ ।

आज नेपाली कम्युनिस्ट आन्दोलन संशोधनवादी धारा र क्रान्तिकारी धारा गरि दुई धारामा विभाजित हुन पुगेको छ । बीचमा मध्यपन्थी अवसरवादी धारा रहेको छ । यो एउटा मार्क्सवादी नियम पनि हो ।

शैशवकालखेखि नै विश्वदृष्टिकोणमा रूपान्तरणको सवालमा नेपाली कम्युनिस्ट आन्दोलन ग्रसित र रोगी बन्दै आएको छ । बिक्रम सम्वत २०१० सालमा सम्पन्न पहिलो महाधिवेशनबाट निर्वाचित नेतृत्वदेखि आजसम्म आइपुग्दा ( विभाजित भएकै अवस्थामा ) नेपाली कम्युनिस्ट आन्दोलनको विभिन्न काल खण्डमा नेतृत्वमा पुगेको पार्टी नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै नेपाली क्रान्तिले ठूलो धक्का व्यहोर्नुपरेको छ ।

झापा विद्रोह र महान् १० वर्षे जनयुद्धको नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै महान् नेपाली क्रान्तिले गंभीर प्रकारको धोका खाँदै आएको छ र नेतृत्व गध्दार बन्दै आएको यथार्थता जागजाहेरै छ ।

नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिको महान् यात्रामा बीचमै प्रतिक्रान्ति हुनुको मुख्य कारण पार्टी स्कुलिङ सञ्चालनको अभाव हो । आजसम्म नेपाली कम्युनिस्ट आन्दोलन यहाँसम्म आइपुग्दासम्म पार्टी स्कुलिङ व्यवस्थित, योजनाबध्द र वैज्ञानिक ढंगले सञ्चालन गर्ने, पार्टी नेतृत्व र आम कार्यकर्ताहरूलाई स्कुलिङ गर्ने र अब्बल दर्जाका पार्टी कार्यकर्ता निर्माण गर्ने कामलाई पन्छ्याउदै आएको इतिहास छ । यो नै नेपाली कम्युनिस्ट आन्दोलन भित्रको समस्या हो ।

***(५) निचोड***

रुस, चीन, भियतनाम लगायतका समाजवादी देशहरूमा भएका प्रतिक्रान्तिहरूले विश्व कम्युनिस्ट आन्दोलनमा अत्यन्तै ठूलो क्षति पुर्याएको छ । साथै क्रान्ति पूर्व नै नेपालमा भएको प्रतिक्रान्ति र पेरु, फिलिपिन्स लगायतका देशहरूमा क्रान्तिले सेड्व्याक खान पुगेका कारण नेपाल तथा विश्व क्रान्तिलाई नकारात्मक असर पारेकै छ । तैपनि यो अप्रत्याशित र आश्चर्यजनक कुरा होइन ।मार्क्सदेखि माओसम्म सबैले देशमा क्रान्ति भइसकेपछि पनि त्यहाँ पुँजीवादको पुनर्स्थापनाको सम्भावना रहनेछ भनेर प्रष्ट पार्दै आउनु भएको छ ।

रुस, चीन, नेपाल लगायतका देशहरूमा भएको प्रतिक्रान्तिको अनुभवले कुनै देशमा क्रान्ति पहिले र क्रान्ति पछि पनि संशोधनवादका विरुद्ध सधैं सर्तक हुनुपर्ने र त्यसका विरुद्ध वैचारिक संघर्ष गर्नुपर्ने शिक्षा दिएको छ ।

विश्व कम्युनिस्ट आन्दोलनको अनुभव र नेपाली क्रान्ति कै के बताउँदै आएको छ भने कुनै पनि देशको क्रान्तिकारी आन्दोलन र क्रान्ति सिधार सोझो बाटोमा अगाडि बढ्दैन । त्यो कैयौं प्रकारको उतार, चढाव, सफलता, असफलता र बाङ्गाटिङ्गा बाटोहरूको बीचबाट भएर अगाडि बढ्छ ।

आज रुस, चीन लगायतका देशहरूमा क्रान्ति पछि र नेपाल जस्ता देशहरूमा क्रान्ति पहिले नै भएका प्रतिक्रान्तिले विश्वस्तरमै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू र क्रान्तिकारी आन्दोलनहरूलाई गंभीर प्रकारको प्रभाव पारिरहेको छ । र, क्रान्तिकारीहरूलाई रक्षात्मक अवस्थामा पुर्याएको छ । त्यसो भएर नेपाल लगायत विश्वभरका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले र स्वयं क्रान्तिकारी माओवादी क्रान्तिकारी कम्युनिस्टहरूले सबैखाले प्रतिक्रियावादीहरू र संशोधनवादीहरूका विरुद्ध भीषण वैचारिक संघर्ष गरिरहनुको विकल्प छैन । किनभने आज पनि हरेक कम्युनिस्ट पार्टीहरूको नेतृत्व तहमा विश्वदृष्टिकोणमा रूपान्तरणका समस्या ज्यूउँकातिउँ छ ।

*लेखक अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन् ।*

❑ संस्मरण

# जेल पठाउने चिठ्ठी



❑ मोदनाथ मरहट्टा

अहिले सबैको हात हातमा मोबाइल छ छिनको खबर छिनमै वारपार हुन्छ। इन्टरनेटको सुविधाले पूर्ण परिवारमा अनुहार हेरेर वार्तालाप हुन्छ। हाम्रो पुस्ताको मध्यकालसम्म चिठीका माध्यमले सम्वाद हुन्थ्यो। यसभन्दा अघिल्लो अन्धकार युग थियो। अड्डा अदालतबाट आएका चिठी पत्रहरू पढीवाँची सुनाउने मान्छेको कमी थियो।

मेरो गाउँभन्दा पश्चिमपट्टी ठानेश्वाँर भन्ने दलित वस्ति छ। चार दशक अघिसम्म त्यस गाउँमा पढेलेखेका व्यक्तिहरू पाइन्नथ्यो। गाउँका केही युवाहरू भारतको दिल्ली, मुम्बई, कोलकत्ता वा अन्य शहरहरूमा जान्थे। परदेश गएका छोराहरू कुनै साथी मार्फत चिठी लेखेर पठाउँथे। ती धेरै चिठीहरू खोल्न पढ्न र जवाफ लेख्न म कहाँ आउँथे। उनीहरूका चिठी पढ्ने र घरतिरका समाचार, घरमाम्लोको पीडा उनीहरूको भाषामा करुण शब्दले म लेखिदिन्थेँ। चिठीका व्यवहार लेखिसकेर म वाचन गरिदिन्थेँ। सो लेखाउने मान्छे रुन्थ्यो। दुईचार वर्षसम्म परदेशमा भौंतारिएका युवाहरू चिठी पढेपछि घर फर्कन्थे। उक्त गाउँका कतिपय आमा बाहरू भन्ने गर्थे 'मोदे माइलालाई चिठी लेखाए माया मारेको छोराहरू घर फर्कन्छन्।' एकपटक तान्द्राङ्को विद्यालयमा अध्यापन गराउँदै थिएँ। एउटी दिदी विद्यालयमा आएर गुनासो गरिन्। उनका श्रीमान् भारतको हैदरावादतिर जागिरे रहेछन् तर घरमा तीनवटा केटाकेटी छोडेर परदेशिएका उनी गएको पाँच वर्षदेखि वेखबर रहेछन्। दिदीका सबैकुरा सुनिसकेपछि अलिअलि भावना मिसाएर मैले चारपृष्ठ लामो चिठी लेखिदिएँ। दिदीले रजिष्ट्रि गरिन्। ला ! चिठी लेखेको एक महिना नपुग्दै ती परदेशी फर्किई पो हाले। उनले श्रीमतीसँग सोधेछन् यो चिठी कसले लेख्यो। आफूमाथि अनावश्यक शङ्का गरेकोमा दिदी डराइन्। लोग्नेले तारन्तार ताकेता गरेपछि उनले भनिछन् 'माष्टरले लेखेका हुन्।' भोलिपल्ट दुवै दम्पत्ति मेरो कोठामा आए र ती परदेशीले भने- 'बाबु हजुरले लेखेको चिठीले मलाइ घर सम्झायो यो एउटा सर्टको कपडा बाबुलाई।' आँखाबाट आँशु झार्दै उनले भने। मैले त्यो उनको उपहार लिन अस्वीकार गरें। पछि उनी हाम्रो सङ्गठनका कार्यकर्ता भए। उनकी जेठी छोरी माओवादी कलाकार बनिन र २०५५ जेठमा सहिद भइन्।

मेरो जीवनमा चिठीसँग जोडिएका केही प्रसङ्गहरू छन् २०३२/०३३ सालतिर म बुटवल बस्दथें। पत्रमित्रता त्यतिबेला मेरो रुचीको विषय थियो। अल्लारे उमेरमा कयौं साथीलाई पत्र लेखियो। आदान प्रदान पनि भयो र विस्तारै त्यो क्रम भङ्ग भयो।

चिठीहरूको ऐतिहासिक महत्व हुन्छ। त्यो बेलाको भाषा, व्याकरण मात्र होइन घटनाहरूको जानकारी दिएको हुन्छ। कतिपय ऐतिहासिक चिठीहरू प्रकाशित भएका पनि छन्।

म पुराना कागजहरू खोतल्दै जान्छु। एउटा चिठी थियो, जुन जागिरे जीवनमा बिर्सन नसकिने लौह किलो भएर बसेको छ। विषय हो जागिरे जीवनमा तालुकी अड्डाबाट आएको एउटा चिठी जसले १५ महिना जेलबस्ने मौका दियो।

२०५८ सालको पुस महिना थियो। पुसे घाम मलिनु हुँदै आएको छ, घर पायकी जागिर हुनुको नाताले धान खेती भित्र्याएपछि आलु प्याज रोप्ने, गहुँ छर्ने कामको चापाचापमा पनि छु र अर्कोतिर सङ्कटकालका कारण सेना प्रहरीको घेरामा परिने र गिरफ्तारी हुने जग्जगी उत्तिकै छ। पुसको १५ गते एकोदर दाइको माइलो छोरो महीन्द्र मरहट्टाको छेवेटारको बगैंचामा संयुक्त सुरक्षा फोजले हत्या गऱ्यो। त्यो घटनाले परिवारमा ठूलो हलचल ल्यायो। परिवार पुरा शोकमा डुवियो। परिवारमा दाइलाई केही दिन पहिले सुरक्षा सेनाले गिरफ्तार गरिसकेको थियो।

माइलो छोराको अचानक हत्या भएपछि छिमेकीहरूले कृयाकर्मको विषय उठाए। त्यो बेलाको समाज कस्तो भइदियो भने विपद्को वेला समवेदना र सहानुभूति दिनुपर्ने परिवारमा डर, धम्की र दवाव दिन आए। एकाथरीको भनाई छ कृयाकर्म नगरे माओवादीको अभियोगमा छिमेकी र पुरोहित समेत पक्राउ पर्छन्। अर्कोथरिको भनाई आयो माओवादी भनेर मारेकाको किरिया गर्दा किन गरिस् भनेर फेरि पुलिस प्रशासनले अड्को थाप्छ। दवाब मलाई भन्दा भाउजूलाई बढी आउन थाल्यो। कृयाकर्म गर्ने नगर्नेको निर्णय मैले लिनु पर्थ्यो। कहिले काँही हामीले बेठिक मानेका दर्शनले पनि प्रगतिशील चरित्र निर्माण गर्न सहयोग पुग्दो रहेछ। मनुस्मृतिको व्यवहार निरूपण अध्यायमा आगोमा जलेको, खोलामा बगेको र युद्धमा मारिएकाहरूको अन्त्यकर्म नगर्दा पनि हुन्छ भनिएको छ। मैले त्यो उक्ति पढेर भाउजूलाई बुझाएँ। पुरोहित सित बहस गरें र उनलाई ठ्यौलाएँ।

सुरक्षा सेनाको धरपकड र गिरफ्तारीले ओल्लो पल्लो गाउँ त्रस्त थियो। आस्थाका माओवादी सुरक्षित हुँदासम्म माओवादी छापामारहरूले शङ्काको आँखाले हेर्न थालेका थिए। सायद म दुवै फौजको घेरामा थिएँ। यस्तैमा पुस २७ गते छापामारहरूको एउटा दस्ता हाम्रो घरमा आइपुगे। उनीहरू छोरा महीन्द्रको सहादतमा समवेदना दिन र भेटघाटका लागि आएका थिए। त्यो टोलीमा मीना पनि आएकी थिइन्। तपाईंलाई न पक्रनुको कारण चिठी मार्फत् डाकिन लागेको रहेछ। छोरी मिनाले सूचना दिइन्। केही बेरको भेटपछि छापामारहरू उत्तरतिरको दलित वस्तितिर लागे।

दुईदिनपछि माघे सक्रान्तीको दिन पाँच बजेतिर त्यो दस्ता हाम्रो घर हुँदै पूर्व जान आयो। छोरी मीनाले फेरि पनि भनिन-बा, अब भेट हुन्छ कि हुँदैन चिठी पाएपछि सुरक्षितसित गोरखा जानु होला। छोरीले यत्ति भनेर टोली लिएर गइन्। आमाहरू र बहिनीहरूले पहिरे खोलो नकाटुन्जेल हेरी रहे।

छापामारहरूको केही सुराक पाएपछि सुरक्षा फौजले पिछा गर्थ्यो। घर परिवार र समर्थकहरूमा आतङ्क छँदै थियो। साँझ पर्ने वित्तिकै ढ्याम्ढुम्म ढोका थुनेर मूर्दा शान्ति देखिन थालेको थियो। म खाना खाएर घरको पूर्वपट्टिको कोठामाथिको तलोमा छु। रातको दश बजेको छ। आँखा जागै छन्। कसो कसो आँखा पूर्व छोप्राकको डाँडोतिर पुगेको छ। झिलिक्क आगोको रातो उज्यालो देखियो। पछि बन्दुक पड्केको आवाज आयो। फेरी आगो फेरी आवाज चार राउण्डपछि आगो पनि आएन आवाज पनि आएन। रातभरि असल्टी रहें। भोली विहान ७ बजे पुष्प देवकोटाले अप्रिय खबर सुनाए- मीना जी सहिद हुनु भो। परिवारमा अर्को विपत्ति थपियो।

त्यतिवेला दाइको जेठो छोरा रविन्द्र पनि गिरफ्तार परिसकेको छ। घरमा अपुष्ट जानकारी दिएर म निस्किएँ। छिमेकी कसैलाई पनि खबर गर्न मन लागेन। आधा घण्टाको पैदल दुरी पर कुलबहादुर विश्वकर्माको घर थियो। उनी संयुक्त जनमोर्चाका सक्रिय कार्यकर्ता र हाम्रो परिवारको बालीघरे आरनका साथी थिए। उनी र म मूलबाटो छल्दै घटनास्थल पुग्यौं। कोदाको नल काटिएको पाखे गह्राको कुनामा एक मुठी मकैका ढोडले लाश झिल्सीएको अवस्थामा थियो। कुले दाइले नजिकैबाट कोदालो खोजेर ल्याए छोरीको लाशसँगै शङ्कर गुरुङको लाश पनि थियो। कुले दाइकै चिनजानका अरू तीनचार गाउँले आए जसोतसो खाडलमा पुरेर म घर फर्किएँ। घर पुग्ने वित्तिकै थाहा भयो हर्मी भन्ज्याङको अतिरिक्त हुलाकमा मेरो नाउँको रजिष्ट्रि चिठी आएको छ।

हुलाक कार्यालयमा आइपुगेको रजिष्ट्रि चिठी मसम्म बुझाउन हुलाक कार्यालयमा नै अड्कियो। यस्को केही आन्तरिक कारण थियो। म जुन विद्यालयमा अध्यापन गर्थें सो समुदाय इतर माओवादीको थियो। वडाको चुनाव एमालेले जितेको भए पनि गाउँमा बोलावाला भने काङ्ग्रेस समर्थकहरू थिए। आफ्नो समुदायको कुनै शिक्षक पक्राउन सहयोग गरे अर्को खतराको त्राश थियो। तसर्थ मसम्म त्यो चिठि आइपुग्न ढिला भयो।

माघ ३ गते म विद्यालय गएँ। दिउँसो २ बजेतिर ५/७ जना अभिभावकहरू विद्यालय आए। एकछिनपछि स्वास्थ्य कार्यालयका सहयोगी कार्यकर्ता मार्फत् हुलाकले चिठी मलाई बुझायो। बाहिरी खाममा जिल्ला शिक्षा कार्यालयको नाम, छाप, मेरो नाम र विद्यालयको ठेगाना थियो। मैले चिठी खोलेर हेरेँ। व्यहोरा यस्तो थियो-

**शिक्षक श्री मोदनाथ मरहट्टा**
**लक्ष्मी नारायण प्रा.वि. हर्मी- ६, गोरखा**

**विषयः हाजिर हुन आउने बारे।**

मुलुकको अवस्थाबारे तपाइसँग केही कुरा बुझ्नु पर्ने भएकोले पत्र पाएको मितिदेखि बाटोको म्याद बाहेक तीन दिनभित्र जि.प्र.का गोरखामा हाजिर हुन आउनु होला।

*बोधार्थ*
*जि.प्र.का. गोरखा*
*ज्ञानी यादव*
*जिल्ला शिक्षा अधिकारी*

विद्यालयमा उपस्थित केही महानुभावहरूको मुख मुद्रा उज्यालो भयो भने केहीको अँधेरियो। उनीहरू उजेलिनु अँध्येरिनुमा आश र त्राश दुवै थियो। चिठी पाएपछि मैले आफूलाई दृढ बनाएँ। यो मेरो निमित्त पक्राउ पूर्जी हो र हिरासतमा दिइने शारीरिक मानसिक यातनाको चित्र २०५२ फागुनमै लिइसकेकोले मन बलियो पारें। निस्कने बेला छोरीहरू बेस्सरी रोए। अब घरमा मात्र होइन सिङ्गो गाउँमा अभिभावक छैनन्। खाना खाएर म निस्किएँ। विद्यालयको चौरमा आज पनि केही अभिभावक छन्। म पर्खाल बाहिर केही बेर उभिएँ। एक जना पाका अभिभावकले मुख फोरे 'बाँच्ने मन भए आत्म समर्पण गर्नु।' सायद कोही मेरो मृत्युको कामना गर्दै छन्।

डोरिँदै बाघको खोरमा जाँदैछु। सम्भावित त्राशले मन ढक्क फुल्छ। परिवारको आँखाको आँशु सम्झन्छु आँखा बर्सन्छन्। छोरा छोरीको विभत्स लाश देख्छु आक्रोश छचल्किन्छ। माघ महिनाको त्यो चिसो दिन, तर म गर्मीको अनुभव गर्छु। पस्लाङको सालघारीको उकालो उक्लिँदै रहँदा एक्लै चिच्याउन मन लाग्छ। बाटोमा सुरक्षा फौज भेटिए सदरमुकाम नपुगिने त्राश पनि उत्तिकै छ। खल्तिको चिठी उनीहरूका लागि आतङ्ककारीको प्रमाण हुन सक्छ। जीउ विसाउँदै हिँड्दै म सदरमुकाम पुगें। म शिक्षा कार्यालय जाउँ कि प्रहरी कार्यालय दोमन भएँ। तालुकी अड्डालाई सूचना नदिइ जि.प्र.का जान मन मानेन। जि.शि.अ. कतै बैठकतिर गएछन्। शिक्षा शाखाका एक शुभ चिन्तकले भने- सरहरू एघार जनालाई पत्र लेखेको छ आज कतै सुरक्षित बस्नुस् भोली यहीँबाट गिरफ्तारी दिनुस्।

त्यतिबेला सदरमुकामका होटलमा बास पाउन गाह्रो थियो। वोर्लाङ्ग गा.वि.स. अध्यक्षको होटलमा झोला फालेको थिएँ। उनी नेकपा (एमाले) जिल्ला सेक्रेटरीका भाइ पनि हुन्। त्यो रात त्यहीँ रहने निधो भयो।

विहान एकछिन श्री एकता पाक्षिकको कार्यालय पसें। म त्यो पत्रिकाको स्तम्भकार पनि थिएँ। त्यहाँ चर्चा चल्यो शिक्षक सङ्गठनका जिल्ला तहका माओवादी निकट नेताहरूलाई एमालेकै आग्रहमा चिठी काटिएको रहेछ। र, के पनि जानकारी आयो भने माओवादी समर्थकहरूलाई क ख ग श्रेणीमा राखिएको छ।

*क. हतियार सहितको ठाउँको ठाउँ सिध्याउने*
*ख. आत्मसमर्पण गराउने वा जेलमा सडाउने*
*ग. आत्म समर्पण गराई एमाले समर्थक बनाउने*

सम्पादकले भने- 'तपाईं ख श्रेणीको पर्नु भो' दश बजेपछि म जि.शि.का पुगें। जि.शि.अ. को कार्यकक्षमा बस्दै गर्दा एक जना सिभिलले आएर सोधे 'मोदनाथ को हो ?'

म जुरुक्क उठें र बाहिर निस्किएँ। दुवै हातमा हत्कडी लगाइयो। आँखामा पट्टि बाँधेर आलुको बोरा फालेझैं गाडीमा फालियो। दिनभर गाडी घुम्यो र पाँच बजे जि.प्र.का.मा पुगें। पन्ध्र दिनको कष्टकर हिरासत बसाइपछि कारागार पुगें। यसरी तालुके चिठीले जेल पुऱ्यो। पुराना कागज वल्टाइ पल्टाइ हेर्छु तर त्यो चिठी कतै भेटिँदैन।

❑ यो साताको कविता

## मामुली मान्छे



❑ बलराम तिमल्सिना

म केही पनि होइन
म कोही पनि होइन
म त सामान्य बटुवा
सपनाको गन्तव्य पुग्न
हिडिरहेको छु निरन्तर
म त मामुली मान्छे
मेरा हर चिज मामुली !

म कुनै विलक्षण प्रतिभा सम्पन्न
मान्छे हैन
बस केही अधुरा बाचाहरू छन्
तिनले रातमा पनि
विथोलिरहन्छन्
तिनले दिनमा पनि
चिमोटिरहन्छन्
तिनले एकान्तमा पनि
लखेटिरहन्छन्
तिनै वाचाहरूले वाँधिएर
म त केवल दौडिरहेको छु
सपनाको गन्तव्यतिर !

भोकाहरूको भोकको भाषा
कनिकुथी कवितामा बोल्छु
थिचोमिचोमा पर्नेहरूको
कैले चित्कार/ कैले हुङ्कार
शब्दहरूमा उल्था गरिटोपल्छु
दुःखीहरू रुँदा -
म सँगसँगै रोइदिन्छु
दुःखिहरू मुस्कुराउँदा
म पनि फिस्स हाँसिदिन्छु
श्रमिकहरूले
समाजवाद भनेर नारा लगाउँदा
म जिन्दावाद भनिदिन्छु
श्रमिकहरूले
श्रमिकमारा पूँजीवाद भन्दा
म मूर्दावाद भनिदिन्छु
ब्यबस्था बदल्न भनेर
जव श्रमिकहरू सडकका
ओर्लिन्छन्
म पनि लुसुक्क जुलुसमा
मिसिन्छु
यस्ता मामुली काम गर्ने
म त मामुली मान्छे
म केही पनि होइन
म कोही पनि होइन !

ढुङ्गा खोपेरै लेख्नु पर्ने
या आत्मकथा नै कथ्नु पर्ने
जिन्दगीमा केही महान काम
गरिएन
जति गरियो मामुली काम गरियो
मामुली मान्छेहरूको सङ्गत
गरियो
मामुली मान्छेहरूकै भाषा
बोलियो
मामुली मान्छेहरूकै
मामुली कविता लेखियो
त्यसैले पनि होला
मामुली मान्छेहरू बाहेक
मलाई कसैले चिन्दैन
यो ठूला बडाले नचिन्नु पनि
मलाई मामुली कुरा नै लाग्छ !

यस्तो दशक आयो
श्रमिकहरू कारखानाबाट निस्के
किसानहरू खेतबाटै हराए
घाँस काट्दा काट्दै
नाम्लो र बरियो चौतारामा
छोडेर
घाँसेहरू पनि अलप भए
पढ्दा पढ्दैको कलम र कपी
पढाउँदा पढाउँदैको चक र
डस्टर
ती सबै छोडेर
शिक्षक र विद्यार्थी पनि विपत्ता
भए
आरनमा अर्जाप्न छोडेर
बिस्टका कोदालाहरू
खलाँती अलपत्रै छोडेर हराए
कोही
सिउँन छोडेर विष्टका कपडा
हातेकल कुनामा थन्क्याएर
आधारातमै हराए कोही
र ती सबै सबै
एउटा मामुली कुरामा जम्मा भए
त्यो मामुली कुरा थियो-
जनयुध्द !

राजतन्त्र ढाल्न
र क्रान्ति थाल्न भनेर हिडेका
तिनै मामुली मान्छेहरूसँगै
म पनि मामुली बाटो लागें
अनि म कसरी विलक्षण बन्थें ?

एउटा समय थियो
जनताले आफ्नै सेना बनाएथे
जनताले आफ्नै सरकार चलाएथे
सेनाका ब्यारेकहरूमा
ठूला ठूला लडाइँ लडेका थे
गोली थाप्दै छात्तीभरि
जनसेनाहरू
सैनिक किल्लाको बुर्जामा
चढेका थे
हो त्यही बखत म पनि
उनीहरूसँगै हिडेको मात्र हुँ
उनीसँगै भिडेको मात्र हुँ
ती मामुली मान्छेहरूको सङ्गत
अलिअलि गरेको मात्र हुँ
यसरी मामुली कामहरू गरेर
आधाभन्दा बढी उमेर सक्ने
एउटा मामुली वुध्दिको
म त मामुली मान्छे
म खास केही पनि होइन
म खास कोही पनि होइन !

अहिले पनि
म मामुली काम गरेरै दिन गुजार्दै
छु
मामुली /नितान्त मामुली
मामुली मान्छेले गर्ने कामहरू !

कृपय मसँग अरु कुरा नखोज्नुस
मसँग अरु कुरा नसोध्नुस
केवल मामुली कुरा मात्र
सोध्नुस
किन कि
म त एउटा मामुली मान्छे !

पूर्व योध्दाहरूले
मामुली ठानेर फालेका झण्डा
बटुलेर मैदानबाट
म मामुली हातले उठाइरहेको छु
पूर्व सहयात्रीहरूले
मामुली ठानेर हिड्न छोडेको
बाटो
म मामुली मान्छेहरूसँग हिड्दै
छु
पूर्व गायक साथीहरूले
मामुली ठानेर गाउँन छोडेको
गीत
म मामुलीहरूसँग मिलेर गाउँदै
छु

यस्तै यस्तै मामुली कामहरू गर्ने
मामुली मामुली कविताहरू
कथ्ने
म त यो समयको मामुली
मान्छे !

*२०७८/०४/०९*
*माइतीघर*

# दार्चुला घटनाका दोषीलाई कारबाहीको दायरामा नल्याए सडक संघर्ष गर्ने २२ राजनीतिक संगठनको चेतावनी

काठमाडौं। मोहन वैद्य किरण नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेकपासहितका २२ दलीय गठबन्धनले दार्चुला घटनाका दोषीलाई कारबाहीको दायरामा नल्याए सडक संघर्ष गर्ने चेतावनी दिएको छ। गठबन्धनले आइतबार जारी गरेको संयुक्त वक्तव्यमा घटनाबारे अविलम्ब कूटनीतिक पहल गरी यो घटनामा संलग्न दोषीलाई कारवाहीको दायरामा ल्याउने काम गर्न शेरबहादुर देउवा नेतृत्वको सरकारसँग माग गरिएको छ। अन्यथा सडक सङ्घर्षमा उत्रनुबाहेक अर्को विकल्प नरहने विज्ञप्तिमा उल्लेख गरिएको छ।

साउन १५ गते व्यास गाउँपालिका-२, मालघाटमा स्थानीय ३३ वर्षीय जयसिंह धामी भारतको बाटो हुँदै जिल्ला सदरमुकाम खलङ्गा जाने क्रममा तुइनबाट महाकाली नदी तर्दै



गर्दा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले तुइनको डोरी काटिदिएपछि महाकाली नदीमा डुबेर बेपत्ता भएका थिए।

यो तथ्यलाई प्रत्यक्षदर्शीहरूको भनाइले पुष्टि गरेको तर, भारतको पिथौरागढ जिल्ला अधिकारीले दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई पत्र पठाएर यो घटनामा एसएसबीको संलग्नतालाई इन्कार गरेपछि घटना झन् पेचिलो र जटिल बन्दै गएको उल्लेख गरिएको छ।

विज्ञप्ति जारी गर्नेमा नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), नेपाल कम्युनिष्ट पार्टी, राष्ट्रिय जनमोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी केन्द्र समाजवादी), नेकपा (माओवादी मोर्चा), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जागरण परिषद्, नेपाल, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी, नेकपा (बोल्शेविक), एम.सी.सी. खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारा कम्युनिष्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान , नेकपा (मार्क्सवादी) २१. नेकपा मार्क्सवादी (पुष्पलाल) र समाजवादी राष्ट्रिय मञ्च, नेपाल रहेका छन्।

दार्चुला...

जटिल बन्दै गएको उल्लेख गरिएको छ।

विज्ञप्ति जारी गर्नेमा नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), नेपाल कम्युनिष्ट पार्टी, राष्ट्रिय जनमोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी केन्द्र समाजवादी), नेकपा (माओवादी मोर्चा), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जागरण परिषद्, नेपाल, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी, नेकपा (बोल्शेविक), एम.सी.सी. खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारा कम्युनिष्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान , नेकपा (मार्क्सवादी), नेकपा मार्क्सवादी (पुष्पलाल) र समाजवादी राष्ट्रिय मञ्च, नेपाल रहेका छन्।

यसैगरी दार्चुला घटनालाई मानवता विरुद्धको अपराधको संज्ञा दिंदै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेले घटनाको अविलम्ब छानविन गरी अपराधीलाई कडाभन्दा कडा कारवाही गर्न/गराउन देउवा सरकारसँग जोडदार माग गर्नुभएको छ।

क्रान्तिकारी माओवादीलगायत चार वाम पार्टी सम्बद्ध किसान संगठनले पनि वक्तव्य निकालेर भारतीय ज्यादति र हस्तक्षेपको कडा विरोध गरेका छन्।

***सडकमा विरोध प्रदर्शन***

घटना सार्वजनिक हुने वित्तिकै देशका विभिन्न ठाउँमा भारतीय विस्तारवादको ज्यादतिका विरुद्ध विरोध प्रदर्शन भएका छन्। अखिल (क्रान्तिकारी)ले सोमबार भारतीय दुतावास अगाडि विरोध प्रदर्शनको कार्यक्रम राखेको छ। संयुक्त मोर्चामा आबद्ध चार पार्टी तथा कार्यगत एकतामा रहेका २२ राजनीतिक संगठनले पनि सडक संघर्षका कार्यक्रम तत्कालै सार्वजनिक गर्ने तयारी गरिरहेको सम्बद्ध स्रोतले जनाएको छ।


रोयल बुईपा A/C जम्बो हाईस




गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

## एमसीसी...

गरिहाल्ने दाउमा छ भने संसदमा यसलाई पारित गर्नुपर्छ भन्ने सांसदको जबर्दस्त बहुमत छ। यही नै आज सम्पूर्ण नेपालीका लागि गम्भीर दुःख र चिन्ताको विषय बनेको छ। यसको अर्थ अमेरिका वा कुनै देशको आर्थिक सहयोग लिनै हुँदैन भन्न खोजिएको होइन। तर, लिँदा आफ्नो राष्ट्रहितको पक्षमा हुनैपर्छ भन्ने मात्र हो।

एमसिसी सम्झौताअन्तर्गत आर्थिक सहायताको नाममा अमेरिकाले नेपालमा जम्मा ५० करोड डलर लगाउने भनिएको छ र त्यसमा नेपाल सरकारले १३ करोड डलर थप्नुपर्ने छ। यसरी हुन आउने करिब ७० अर्ब रुपियाँ बराबरको एउटा कोष बन्ने छ। त्यसबाट करिब ४०७ किलोमिटर लामो ४०० के.भी. क्षमताको एउटा विद्युत प्रसारण लाइनमा र अर्को करिब ३०० किमि सडक विस्तारमा खर्च गरिने बताइएको छ। त्यो हाइभोल्टेज विद्युत प्रसारण लाइन काठमाडौँको लप्सीफेदीदेखि, नुवाकोटको रातामाटे, दमौली, हेटौँडा तथा पाल्पा र बुटबल हुँदै गोरखपुरसम्म पुर्‍याउने लक्ष्य छ।

कालीगण्डकी कोरिडोरबाट अमेरिकालाई भनेको ठाउँमा प्लेन ल्यान्ड गर्न र चीनको सीमानासम्म पुग्न सहज हुने छ। अनि, मुस्ताङमा रहेको युरेनियम भण्डारसमेत अमेरिकी नियन्त्रणमा जाने छ।

त्यस्तै, सडक विस्तारमा पनि बुटवलदेखि पश्चिम १०० किमि सडक स्तरोन्नति (फराकिलो ) गर्ने र सम्भवतः कालीगण्डकी करिडोरलाई पनि आपतकालीन विमान अवतरण गर्न मिल्ने गरी विस्तार गरिने छ। यसरी कालीगण्डकी कोरिडोरबाट अमेरिकालाई भनेको ठाउँमा प्लेन ल्यान्ड गर्न र चीनको सीमानासम्म पुग्न सहज हुने छ। अनि, मुस्ताङमा रहेको युरेनियम भण्डारसमेत अमेरिकी नियन्त्रणमा जाने छ। युरेनियम संसारमा दुर्लभ मानिने र किलोकै करोडौँ डलर पर्ने खनिज पदार्थ हो। यो आणविक विद्युत् उत्पादन र आणविक हतियारको निम्ति नभई नहुने चिज हो।

हाम्रो प्रश्न छ के साँच्चै एमसिसी हामी नेपालीकै आवश्यकता हो त ? बिल्कुलै होइन। यो त अमेरिकाकै रणनीतिक आवश्यकता र योजनाअन्तर्गतकै परियोजना भएकाले नै अमेरिकाले यसरी एमसिसी पास गराई लागु गराउन जबर्जस्ती पेल्दै गरेको छ। हो यही नै गम्भीर रहस्य र चिन्ताको विषय हो।

पैसाकै कुरा गर्दा पनि पाँच वर्षको निम्ति दिइने ५० करोड डलरले नेपालको वार्षिक राष्ट्रिय बजेटमा एक प्रतिशतको वरिपरि मात्र थप योगदान पुर्‍याउन सक्ने हो।

हामीलाई आज घरेलु खपतकै लागि विद्युत अपर्याप्त भइरहेको अवस्थामा निर्यातको नाममा यत्रो महङ्गो प्रसारण लाइन आवश्यक छैन। त्यस्तै, चालु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको साथै भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमास्थल तयारी अवस्थामा आइसकेका र यीभन्दा पनि विशाल निजगढ विमानस्थल बन्दै छ भने हामीलाई पहाड भत्काएर, अनि वातावरण ध्वस्त पारेर निर्माण गरिने एयरपोर्टजस्ता चाक्ला सडकको आवश्यकता किन पर्‍यो ? पैसाकै कुरा गर्दा पनि पाँच वर्षको निम्ति दिइने ५० करोड डलरले नेपालको वार्षिक राष्ट्रिय बजेटमा एक प्रतिशतको वरिपरि मात्र थप योगदान पुर्‍याउन सक्ने हो। त्यसैले एमसिसी हाम्रो आवश्यकता हैन, यो अमेरिकी सैन्यविस्तारको खतरनाक योजना हो।

यो कुरा तलका तथ्यबाट अझ राम्ररी प्रस्टिने छ :

एमसिसीसँगै अरू दुई सम्झौता अनिवार्य रूपमा गरिनुपर्दछ; ती हुन्- एस.ओ.एफ.ए. (स्टाटस एन्ड फोर्स एग्रिमेन्ट) तथा ए.सी.एस.ए. (एक्विसिसज एन क्रस-सर्भिस एग्रिमेन्ट)। आई.पी.एस. अस्ट्रेलिया, जापान, कोरिया, थाइल्यान्डदेखि इन्डिया र नेपालसम्मका मुलुकलाई सैनिक गठबन्धनभित्र ल्याउने अमेरिकाको सैन्य रणनीति हो। यो नयाँ नाटो हो र बाँकी दुई वटै सम्झौताले एमसिसी लागु गरिएका देशमा अमेरिकी सेनाको निर्वाध प्रवेश, गतिविधि तथा तिनका लागि हातहतियार, खाद्यान्न आदिको ओसारपसारको अनुमति दिन्छन्।

यसरी एमसिसी स्वीकार्नेबित्तिकै, नेपाल स्वतः हिन्दप्रसान्त क्षेत्रका मुलुकसँग अमेरिकाले गरेको सैनिक गठबन्धनभित्र प्रवेश गर्नेबित्तिकै नेपालले अपनाइआएको असंलग्नता, तटस्थता तथा पञ्चशीलको सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीति परित्याग गरी अमेरिकी नियन्त्रणमा गठित हिन्दप्रसान्त सैनिक गुटमा प्रवेश गर्ने छ।

***आदरणीय जनसमुदाय,***

एमसिसी अमेरिकी रक्षा मन्त्रालयअन्तर्गतको योजना भएकाले यसको मुख्य उद्देश्य नेपालजस्ता अल्पविकसित देशलाई आर्थिक सहयोग गर्ने नभई अमेरिकी सैनिक अखाडा विस्तार गर्नु हो। नेपालको सन्दर्भमा कुरा गर्दा यस क्षेत्रमा चीनको बढ्दो प्रभावलाई रोक्न र अझ उसलाई घेर्न र फोर्नका लागि अस्ट्रेलिया, जापान, थाइल्यान्डदेखि नेपालसम्मलाई अमेरिकी सैनिक छातामुनि ल्याउन अगाडि सारिएको योजना हो। अमेरिकाले नेपालमा आफ्ना सैनिक क्याम्प खडा गरेर चीनको तिब्बतमा हमला गर्न चाहन्छ र अन्तमा हिन्दप्रसान्त क्षेत्रका देशका सेनासमेत ल्याएर यहीँबाट चीनसँग युद्ध गर्न चाहन्छ। त्यस अवस्थामा नेपाल विश्वका दुई शक्तिशाली क्याम्पको विनाशकारी युद्धमैदान बन्ने छ अर्थात् हामी इराक, अफगानिस्तान, सिरिया र लिबियाको जस्तो भयानक युद्ध र सर्वनाशको स्थितिमा पुग्ने छौँ। भोलि हामी र हाम्रा सन्तान दुईतिरको हानाहान (क्रसफायरिङ) मा परेर खरानी बन्ने चरम खतरा छ। हाम्रो नीति हो- विश्वका सबै मुलुकसँग शान्ति र मित्रता गर्ने, अनि चीन र अमेरिकाको आपसी सम्बन्ध पनि मैत्रीपूर्ण रहोस् भन्ने हाम्रो चाहना हो। फेरि पनि चीन-अमेरिकाजस्ता शक्तिशाली मुलुकबिचको सम्बन्ध कस्तो हुने भन्ने कुरा उनीहरूले नै फैसला गर्ने विषय हो। तर हाम्रो सरोकारको विषय त के हो भने नेपालजस्तो सानो र शान्तिप्रिय मुलुकलाई अरू कुनै शक्तिले पनि चीन, भारत वा अन्य कसैको विरुद्धमा पनि प्रयोग गर्न पाउने हुनुहुँदैन र कसैको निम्ति सैनिक परेड खेल्न र युद्धमैदान बन्न दिइनुहुँदैन।

एमसिसी स्वीकार्नेबित्तिकै, नेपाल स्वतः हिन्दप्रसान्त क्षेत्रका मुलुकसँग अमेरिकाले गरेको सैनिक गठबन्धनभित्र प्रवेश गर्नेबित्तिकै नेपालले अपनाइआएको असंलग्नता, तटस्थता तथा पञ्चशीलको सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीति परित्याग गरी अमेरिकी नियन्त्रणमा गठित हिन्दप्रसान्त सैनिक गुटमा प्रवेश गर्ने छ।

एमसिसी सम्झौता एक चोटि नेपालको संसदबाट पारित गरिसकेपछि त्यसको सम्पूर्ण नियन्त्रण र सञ्चालन एमसिए नेपालमार्फत एमसिसी हुँदै अन्ततः अमेरिकी रक्षा मन्त्रालयको मातहत जाने छ। नेपाल सरकारले यसबारे सोध्न, सल्लाह गर्न, सुझाव दिन वा केही पनि गर्न सक्ने छैन। योजना र कार्यक्षेत्र (साइट) को छनोट, त्यसको प्रशासन, कर्मचारी नियुक्ति र बर्खास्ती, खर्चपर्च र त्यसको व्यवस्थापन, अडिट आदि सबै कुरा अमेरिकाले नै गर्ने छ। नेपालीले औषधिमा समेत ट्याक्स तिनुपर्छ, तर अमेरिकाले यत्रो रकम खर्च गर्दा उसलाई कुनै ट्याक्स र भ्याट लाग्ने छैन। योजनाको प्रभाव क्षेत्रमा प्राप्त महत्वपूर्ण जीव, वनस्पति वा खनिज सम्पदाको पेटेन्ट राइट वा सर्वाधिकार अमेरिकाको मात्र हुने छ। योजनास्थल र कार्यप्रणाली तथा विद्युत टावर र ट्रान्सफर्मर सुरक्षाका लागि अमेरिकी सेनाको क्याम्प बस्न सक्ने छ। योजनाभित्र कसैले कुनै गल्ती-कमजोरी मात्र होइन, अपराधै गरे पनि नेपालको कानुन र अदालतले हेर्न पाउने छैन। यसरी हाम्रो देशमा एमसिसीसँग सम्बन्धित मानिसले गरेका नेपालीको हत्याजस्ता अपराध हेर्ने विषयमा समेत अमेरिकी कानुन मात्र लागु हुने छ। त्यसैले यसलाई कुनै पनि हालतमा संसदबाट पारित गर्न दिइनुहुँदैन।

हामी यस विषयमा पूर्णतः संवेदनशील हुन, गम्भीर बन्न, जिम्मेवार बन्न र जवाफदेही हुन सम्पूर्ण सांसद, संसदभित्रका सम्पूर्ण राजनैतिक/संसदीय दल र तिनका नेता, वर्तमान र भूपू प्रधानमन्त्री, वर्तमान मन्त्री, वर्तमान र भूपू सभामुख-उपसभामुख, राष्ट्रपति-उपराष्ट्रपति एवम् सम्पूर्ण उच्चपदस्थ अधिकारीसँग एमसिसीलाई संशोधन, परिमार्जन, सङ्कल्प प्रस्ताव, अमेरिकी प्रतिबद्धता आदि-इत्यादि कुनै पनि बहानामा पारित नगरियोस् भनी हार्दिक अपिल गर्दछौँ।

साथै माथि उल्लिखित विशिष्ट व्यक्ति र संस्था सबैलाई यस सम्बन्धमा आवश्यक सुझाव, दबाब, खबरदारी, हस्तक्षेप र निषेध गर्नका लागि तम्तयार रहन पनि आई.पी.एस.-एमसिसी विरोधी सबै राजनीतिक दल, सामाजिक-सांस्कृतिक मोर्चा, नागरिक समाज, विभिन्न सङ्घसंस्था, प्रतिष्ठान, अभियान तथा देशभक्त, स्वाभिमानी र न्याय-स्वतन्त्रताप्रेमी सम्पूर्ण जनसमुदायसँग हार्दिक अपिल गर्दछौं।

नेपाल विश्वका दुई शक्तिशाली क्याम्पको विनाशकारी युद्धमैदान बन्ने छ अर्थात् हामी इराक, अफगानिस्तान, सिरिया र लिबियाको जस्तो भयानक युद्ध र सर्वनाशको स्थितिमा पुग्ने छौँ। भोलि हामी र हाम्रा सन्तान दुईतिरको हानाहान (क्रसफायरिङ) मा परेर खरानी बन्ने चरम खतरा छ।

साथै, यो राष्ट्रघाती एमसिसी सम्झौता विरोधी सम्पूर्ण शक्ति-व्यक्ति, समाज-समूह, सङ्घसंस्था, मञ्चमोर्चा, अभियान-प्रतिष्ठान सबै एमसिसी खारेज गर्ने एक सूत्रीय मागमा केन्द्रित भएर आपसमा संयुक्त मोर्चा, तालमेल वा सहकार्य गर्दै विशाल शक्ति र आन्दोलन निर्माण गरी यो राष्ट्रघाती एमसिसी सम्झौता खारेज गराउनका लागि निर्णायक रूपमा प्रतिवादमा उत्रन पनि हामी हार्दिक अपिल गर्दछौँ।

एमसिसी विरोधी सम्पूर्ण शक्ति एक होऔँ !, राष्ट्रघाती एमसिसी खारेज गराऔँ !, देशलाई विदेशी सैन्य अखाडा र युद्धमैदान बन्न नदिऔँ ! देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा गरौँ।

## देजमो

व्यास र मालघाटमा नेपाल-भारत सीमा नदी माथिको तुइन शुक्रबार एसएसबीले फुकाल्दा ३५ वर्षीय युवक जयसिंह धामी बेपत्ता भए।

तुइनमा झुन्डिएकै बेला भारतीय सीमा सुरक्षा बल (एसएसबी) का सुरक्षाकर्मीले लट्ठा फुकालिदिएपछि वैदेशिक रोजगारीमा हिँडेका उनी वेपत्ता पारिएका छन्।

यही घटनालाई लिएर देजमो नोपलका अध्यक्ष सीपी गजुरेलव्दारा विज्ञप्ति प्रकाशित गर्दै उक्त घटनाको अविलम्ब छानविन गरी अपराधीलाई कडाभन्दा कडा कारवाही गर्न/गराउनसरकारसँग जोडदार माग गरिएको छ। विज्ञप्तिको पूर्ण पाठ तल दिइएकोछ :

## मिलेनियम...

मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (एमसीए नेपाल) का अनुसार एमसीसीबाट २ अर्ब ७७ करोड र नेपाल सरकारको २ अर्ब ५७ करोड रूपैयाँ खर्च भएको छ। नेपाल सरकारबाट प्राप्त रकममध्ये १ अर्ब ४० करोड रूपैयाँ जग्गा अधिग्रहणमा खर्च गरिएको एमसीए नेपालले जनाएको छ। नुवाकोट रातमाटेमा विद्युत सब स्टेसन निर्माणका लागि ४ सय रोपनी जग्गा अधिग्रहण गरिएको छ।

त्यसैगरी हालसम्म प्रशासनिक खर्चतर्फ १ अर्ब ४० करोड रूपैयाँ खर्च भएको छ। त्यसमध्ये ८८ करोड रूपैयाँ एमसीसीबाट प्राप्त भएको हो।

एमसीसी परियोजना सञ्चालनका लागि स्थापना भएको एमसीए नेपालमा अहिले ५७ जना कर्मचारी कार्यरत छन्। एमसीए नेपालको कार्यालय सञ्चालनमा मासिक करिब १ करोड ३५ लाख रूपैयाँ खर्च हुने गरेको छ।

एमसीएको कार्यालय याक एन्ड यति होटल रहेको लालदरबारमा छ। कार्यालयको भाडा र विद्युत महसुल गरेर मासिक १६ देखि १७ लाख रूपैयाँ पर्दछ भने कर्मचारीको तलब नेपाल सरकारले दिनेभन्दा तीन गुणा बढी छ।

एमसीसी अमेरिकाको ५० करोड अमेरिकी डलर र नेपालको १३ करोड अमेरिकी डलर गरी ६३ करोड अमेरिकी डलर लगानी हुने कार्यक्रम हो। सो रकम विद्युत प्रसारण लाइन र सडक निर्माण योजनामा खर्च हुने छ। जसमा चार सय केभी क्षमताको प्रसारण लाइन, तीन वटा विद्युत सब स्टेसन, एक सय किलोमिटर सडक स्तरोन्नतिजस्ता योजना छन्। ३ सय १२ किलोमिटर प्रसारण लाइनमा ४० करोड अमेरिकी डलर खर्च हुनेछ।

२०७४ भदौ २९ गते तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत जोनाथन न्यासले सम्झौतामा हस्ताक्षर गरेका थिए। २०७६ असोज १३ सम्ममा एमसीसी संसदबाट अनुमोदन गरेर २०७७ असार १६ बाट कार्यान्वयनको चरणमा जानुपर्ने थियो। त्यसको ५ वर्षभित्र परियोजना सम्पन्न गर्ने समय तोकिएको थियो। तर, हालसम्म एमसीसी पारित हुन सकेको छैन।

## मप...

घोषणा गरेका हुन्।

आइतबार आज विश्वविद्यालयका सम्पूर्ण सवारी साधान अनिश्चितकालीन रूपमा बन्द गर्ने, १८ गते सम्पूर्ण आंगिक क्याम्पसमा अनिश्चितकालीन तालाबन्दी गर्ने, १९ गते उपकुलपति, रजिष्ट्रार र परीक्षा प्रमुखको 'कुकुर अभिनन्दन' गर्ने र २० गतेदेखि रिले अनशन गर्ने कार्यक्रम रहेका छन्।

आन्दोलनबाट उत्पन्न हुने भैपरी आउने दुर्घटनाको सम्पूर्ण जिम्मेवारी विश्वविद्यालयले लिनुपर्ने विद्यार्थीहरूको भनाइ छ। विद्यार्थीहरू सँगै प्राध्यापकहरू केही दिन अघिदेखि उपकुलपतिविरुद्ध आन्दोलनमा उत्रिएका छन्।

अनलाइन माध्यमबाट परीक्षा लिन पाउनुपर्ने, कोरोना अवधिको शैक्षिक शुल्क खारेज गर्नुपर्नेलगायतका १८ बुँदे माग गर्दै नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी, अनेरास्ववियु र अखिल छेठौं सम्बद्ध विद्यार्थीहरू आन्दोलमा छन्।

विश्वविद्यालयले भने विद्यार्थीहरूसँग वार्ताका लागि भन्दै मानविकी संकायका डीन सहप्राध्यापक डा. लिलाधर तिवारीको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समस्या समाधान समिति गठन गरेको छ।

'हामी उहाँहरूसँग निरन्तर वार्तामा बसिरहेका छौं, विश्वविद्यालयले तोकिएका परीक्षाकहरू समेत स्थगित गरेर वार्ताको प्रयास जारी राखेको छ, अवको एक/दुई दिनभित्रै सहमति जुट्छ,' तिवारीले भने।

उनका अनुसार वार्ताको क्रममा दुईटा विद्यार्थी संगठनहरूसँग सहमति भएको छ। विप्लव निकट नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) र एमाले निकट अनेरास्ववियु (ओली पक्ष) सँग सहमति भएको हो।

विद्यार्थी संगठनहरूले उठाएको 'वैकल्पिक माध्यमबाट परीक्षा लिनुपर्ने' र प्राध्यापक संगठनले उठाएको 'बर्खास्त गरिएका उपप्राध्यापकलाई बहाली गर्नुपर्ने' दुईटा माग विश्वविद्यालयको कार्यकारी परिषदले सम्बोधन गर्न नसक्ने उच्चस्तरीय वार्ता समितीले बताएको छ

## चार किसान...

रौतहट र नबलपरासीका उखु किसानको बर्षौंदेखिको बक्यौता हर्जाना र ब्याज सहीत सम्पूर्ण रकम असुलउपर गरियोस् र किसानमारा ठग उद्योगपतिहरूमाथि कडा कानुनी कारबाही गरियोस् भन्ने जोडदार माग गर्दै भदौ ५ गतेदेखि उखु किसानहरूले बक्यौता उठाउन गर्ने आन्दोलनप्रति हामी चार किसान संगठन जोडदार ऐक्यबध्दता जनाउदछौं।

३ भारतीय एसएसबी जवानले तुइनको डोरी काटिदिएपछि बेपत्ता पारिएका दार्चुलाका नेपाल यूबाका बारेमा यथार्थ बिबरण सार्बजनिक गिरयोस् र क्रुर भारतीय एसएसबी जवानलाइ कारबाहीको दायरामा ल्याउन ठोस पहल गरियोस् भन्ने हामी चार किसान जोडदार माग गर्दछौं।

*भैरबराज रेग्मी*
*अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ(अप्फा)*
*सीताराम तामाङ्ग*
*अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी)*
*लोकनारायण सुबेदी*
*अध्यक्ष*
*अखिल नेपाल किसान यूनियन*
*कृष्ण राना*
*इञ्चार्ज*
*अखिल नेपाल प्रगतिशील किसान संघ*
*२०७८ साउन १६*


# अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

- बाढी पस्नसक्ने तथा डुबानमा पर्नसक्ने स्थानहरूमा पूर्वसूचना प्रणालीको व्यवस्था गरौं।
- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालु अवस्थामा राखौं।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एसएमएस, सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आलोपालो

# एमसिसी खारेज अभियान-२०७६को अपिल




हामीलाई हाम्रो देश प्यारो छ, हाम्रो स्वतन्त्रता प्यारो छ र हाम्रो राष्ट्रिय स्वाधीनता प्यारो छ। हामी कहिल्यै पराधीन भएनौँ र कुनै बाह्य शक्तिबाट शासित भएनौँ। आधा विश्व कब्जा गर्दै आएको ब्रिटिस साम्राज्यवाद पनि नेपालीसामु टिक्न सकेन। हाम्रा वीर पुर्खाको वीरता र बलिदानले गर्दा हामी सदा स्वाधीन र स्वतन्त्र रह्यौँ। तर आज हाम्रो मुलुकको राष्ट्रिय सार्वभौमिकता, अखण्डता र स्वाधीनतामाथि गम्भीर खतरा पैदा भइरहेको छ। त्यो खतरा हो- संयुक्त राज्य अमेरिकाले नेपालमाथि लाद्न खोजेको घातक एमसिसी सम्झौता र यससँग जोडिएका अन्य कतिपय सम्झौता र सर्त। सबभन्दा ठुलो विडम्बना त के हो भने यति बेला यस्तो घातक सम्झौतालाई संसदबाट समेत पास गर्न आतुर छन् हाम्रै देशका संसदवादी नेता, सांसद र दलहरू।

अमेरिकी सरकारले यसलाई छिटो पारित गर्न दबाब दिँदै अप्रत्यक्ष रूपले नाकाबन्दी लगाई विदेशी सहयोग र लगानी रोक्ने धम्की दिएको कुरा हालै मात्र प्रकाशित नेपालसम्बन्धी उसकै प्रतिवेदनमै उल्लेख छ।

एमसिसीको पूरा नेपाली रूप मिलेनियम च्यालेन्ज कर्पोरेसन हो। यो इन्डो-प्यासिफिक स्ट्राटेजी (आई.पी.एस.) अन्तर्गतको योजना हो। आई.पी.एस. लाई नेपालीमा हिन्द-प्रसान्त रणनीति भनिन्छ। यो अमेरिकी रक्षा मन्त्रालयको सैनिक रणनीतिअनुसारको कार्यक्रम हो। बाहिर आर्थिक सहयोग देखाएर भित्र खतरनाक सैनिक हस्तक्षेपको योजना समावेश भएको कार्यक्रम हो- एमसिसी। अमेरिकाले पहिले पहिले विकासोन्मुख मुलुकलाई आर्थिक सहयोग दिँदा युएसएड अर्थात् अमेरिकी सहयोग नियोगमार्फत् दिने गर्दथ्यो। तर २००२ देखि यस्तो सहायता एमसिसीमार्फत दिने नीति ल्यायो; किनकि, अब अमेरिका सामाजिक-आर्थिक विकास सहयोगको नाममा विभिन्न देशमा आफ्ना सैन्य रणनीतिक लक्ष्यहरू पूरा गर्न अर्थात् तेस्रो सहस्राब्दीका अमेरिकी साम्राज्यवादी रणनीतिका चुनौतीको सामना गर्नेतिर केन्द्रित हुन थाल्यो। ती चुनौतीमध्ये हरहिसाबले ठुलो चुनौती उसले चीनलाई देखेर नै चीन घेर्न र फोर्न तथा नेपाललगायतका मुलुकमा चीनले गर्न थालेको बेल्ट एन्ड रोड इनिसियटिभ (बी.आर.आई.) अन्तर्गतका आयोजनालाई काउन्टर दिने र ध्वंस गर्ने जस्ता घोषित लक्ष्य पूरा गर्न इन्डिया र यस आसपासका नेपालजस्ता देशलाई प्रयोग गर्ने रणनीतिमा लाग्यो। त्यसै रणनीतिलाई पूरा गराउने यो एमसिसीमा २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेपछि यसले नेपालमा प्रवेश गर्‍यो। त्यसपछि त्यसलाई कार्यान्वयन गराउने संयन्त्रको रूपमा एमसिए नेपाल बनाई याक एन्ड यति होटल काठमाडौँमा कार्यालय खोलेर काम गरिरहेको छ र त्यसले नेपालको केही करोड डलरबराबर रकम खर्च पनि गरिसकेको छ।

यसलाई औपचारिक रूपमै लागु गर्न र अमेरिकी आर्थिक सहयोग लिन भने हाम्रो संसदबाट पारित गरिनुपर्ने भन्ने भए पनि त्यो निर्वाध, निर्लज्ज र नियम विपरीत कार्यान्वयनमा जबर्जस्ती लगिएको छ। त्यसमाथि अमेरिकी सरकारले यसलाई छिटो पारित गर्न दबाब दिँदै अप्रत्यक्ष रूपले नाकाबन्दी लगाई विदेशी सहयोग र लगानी रोक्ने धम्की दिएको कुरा हालै मात्र प्रकाशित नेपालसम्बन्धी उसकै प्रतिवेदनमै उल्लेख छ। यता, देउवा सरकार छिटो पास *बाँकी ७ पेजमा*

# दार्चुला जिल्लाको तुईन घटनाबारे चार कम्युनिष्ट पार्टीको संयुक्त प्रेस विज्ञप्ति

१) हिजो दार्चुला जिल्ला व्यास गाउँपालिका वडा न. २ का ३५ वर्षिय नेपाली नागरिक जयसिँह धामी भारतको उत्तराखण्ड राज्यको पांगन जाने क्रममा मालाघाटमा महाकाली नदीमा तुईन तर्दा भारतीय सिमा सुरक्षा बल (SSB) ले पांगन तिरको तुईन फुत्काउँदा जयसिँह धामी नदीमा खरेर हाल सम्म बेपत्ता हुनुहुन्छ।

यो अमानवीय, आततयी र बर्वरतापुर्ण घटनाको हामी चार कम्युनिष्ट पार्टी कडा निन्दा र भर्त्सना गर्दछौ।

२) यो घटना नेपाली राष्ट्रिय स्वाधिनतामाथिको भारतीय शासक वर्गको नाङ्गो षड्यन्त्र र हस्तक्षेप हो। यो घटनाबाट बेपत्ता जयसिँह धामीको अवस्था सार्वजनिक गर्न, पीडीत परिवारलाई न्याय र राहतको व्यवस्था गर्न, दोषीलाई शिघ्रातिसिघ्र कारवाही गर्न विश्वासिलो छानविन अगाडी बढाउन नेपाल सरकारसंग हामी चार पार्टी जोडदार माग गर्दछौ।

३) मालाघाट तुईन घटना नेपालको राष्ट्रिय स्वाधिनता र ने पाली जनताको स्वनिर्णयको अधिकारको विरुद्ध हेपाहा र षड्यन्त्रमुलक घटना भएको हुनाले राष्ट्रिय मुक्ति र जनमुक्तिका पक्षधर आम नेपाली जनतालाई यसको डटेर प्रतिरोध गर्न विशेष आह्वान गर्दछौं।

४) यथासक्य घटनाको वास्तविकता नेपाली जनताको बीचमा सार्वजनिक गर्न र दोषीमाथि कारवाही गर्न ढिला गरियो भने हामी चार पार्टी जनसंघर्षमा जान वाध्य हुनेछौ।

| | | | |
|---|---|---|---|
| क. किरण | क. विप्लव | क. ऋषिराम कट्टेल | क. आहुति |
| महासचिव | महासचिव | अध्यक्ष | संयोजक |
| नेकपा (क्रा.मा.) | नेपाल कम्युनिष्ट पार्टी | नेकपा | वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल |

१६ श्रावण २०७८







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।